जनता उज्यालोबाट अन्धकारतर्फ जान सक्दैनन्: महासचिव पोखरेल | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २९६ • २०८१ साल चैत ११ गते सोमबार (24 March, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## 'संवैधानिक राजा होइन, राप्रपाको सभापति बने हुन्छ'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले ज्ञानेन्द्र शाहलाई राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को सभापति बन्न सुझाएका छन् ।

नेकाँको बागमती प्रदेश प्रशिक्षण विभागद्वारा आइतबार आयोजित कार्यक्रममा बोल्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका सभापति देउवाले नेपालमा राजतन्त्र फर्किने सम्भावना नरहेकाले संवैधानिक राजा बन्नुभन्दा पनि राप्रपाको सभापति बन्न सुझाए ।

सभापति देउवाले भने, 'ज्ञानेन्द्र शाह संवैधानिक राजा बन्न लायक छैनन् । बरु राप्रपाले पार्टी सभापति बनाए हुन्छ, पूर्वराजाले राजनीति नै गर्नु छ भने पार्टी खोलेर गरे भइहाल्यो नि ।'

उनले कुनै पनि हालतमा संवैधानिक राजा बन्ने सम्भावना नरहेकाले गणतन्त्रको पक्षमा एकतावद्ध भएर लाग्न कार्यकर्तालाई निर्देशन दिए ।

नेकाँको कार्यसम्पादन बैठकबाट नेपाली जनताद्वारा निर्वाचित संविधानसभाबाट बनेको संविधानको पक्षमा प्रतिबद्धता जाहेर गर्दै दृढताका साथ उभिने निर्णय गरेको छ ।

नेकाँका सहमहामन्त्री महेन्द्र यादवले सो बैठकबाट पछिल्लो राजनीतिक घटनाक्रम र सरकारका विषयमा विभिन्न कोणबाट छलफल गर्दै निर्णय गरेको जानकारी दिए ।

# भौतिक पूर्वाधार मन्त्री यादवमाथि छानबिन समिति गठन गर्न माग

- प्रदेशसभाको बैठक अवरुद्ध
- गठबन्धनले छलफल गर्ने
- समिति बनाउने अडानमा तीन दल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभामा विपक्षी दलहरुले भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवले योजना बिक्री गरेको भन्दै छानबिन गर्न समिति गठनको माग गर्दै आइतबारको बैठक अबरुद्ध गरिएको छ ।

प्रदेशसभाको बैठक प्रारम्भ हुनासाथ प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेकपा माओवादी केन्द्र र नेकपा एसले पूर्वाधार विकास मनत्री यादवले जिल्लाहरुमा दलाल खटाएर योजनाहरु बिक्री गरेको तथ्यको छानबिन गर्न उच्चस्तरीय संसदीय छानविन समिति गठन गर्न माग गरेका छन् ।

विपक्षी दलहरुले भौतिक पूर्वाधार विकासमन्त्री यादवले दलालमार्फत १० प्रतिशतसम्म कमिसन लिएर योजना बेचेको आरोप लगाएका छन् । पूर्वाधार विकास कार्यालयबाट योजनाको उपभोक्ता समिति गठनको प्रक्रिया हुनुपर्नेमा मन्त्री यादवले कार्यालय प्रमुखसित सबै योजनाको कार्यादेशमा हस्ताक्षर गराएर आफैंले राखेको र अलग्गै चलानी रजिष्टर खडा गरी खरिदकर्तालाई पत्र दिने गरेको आरोप छ ।

प्रदेशसभाको बैठक अवरुद्ध गरिएपछि सभामुख रामचन्द्र मण्डलले १० मिनेटका लागि स्थगन गरी सर्वदलीय छलफल गराउँदा पनि सहमति हुन सकेन ।

बैठकमा सहभागी मुख्यमन्त्री सतीश कुमार सिंहले सोमबार सत्ता गठबन्धनको बैठकमा



छानबिन समिति गठनको सवालमा छलफल गर्ने जनाएको बताउँदै नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले प्रदेश सभाको बैठक मंगलबार डाकिएको बताए । 'मुख्यमन्त्री सिंहजीले सत्तासाझेदार दलहरुबीच छलफलका लागि समय लिनु भएको छ' उनले भने, उहाँले मंगलबार सभामुखलाई जानकारी गराउनु हुनेछ ।

सर्वदलीय बैठकमा अन्य मन्त्रीहरुले समेत योजना बेचेकाले सबैको छानबिन हुनुपर्ने सभासदहरुले आवाज उठाएका थिए । तर प्रमुख प्रतिपक्षी सहितका दलहरुले भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवको नामै किटान गरी र छानबिन समिति गठन गर्न माग गरेको छ ।

सत्तारुढ दलहरुकै अधिकांश सभासदहरुले मन्त्री यादवमाथि छानबिन हुनुपर्ने मागको पक्षमा आन्तरिक रुपमा सहमति जनाएका छन् । मन्त्री यादवले एमालेका सभासद र नेता, कार्यकर्ताहरुको कयौं योजना बिक्री गरेकाले पार्टी भित्र समेत आक्रोश बढेको छ ।

प्रदेश सभाको बैठक प्रारम्भ हुनासाथ प्रमुख प्रतिपक्षी जसपा नेपाल संसदीय दलका नेता सरोज कुमार यादवले भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादवले मन्त्रालय, निर्देशनालय र पूर्वाधार विकास कार्यालयहरुले गर्ने काम निजी सचिवालयबाट गराइरहेकाले आर्थिक चलखेलको गन्ध आएको बताए ।

'कानुन र प्रक्रियाहरु मिचेर निजी सचिवालयबाट कार्यालयहरुको काम समेत हुनु आर्थिक चलखेल तर्फ संकेत गर्छ' उनले भने, कार्यालय प्रमुख स्वयंले मन्त्रीजी सबै योजनाको कागजात हस्ताक्षर गराएर लगेको बताएकोबाट अनियमितता भएको पुष्टि हुन जान्छ ।

पूर्व मुख्यमन्त्री समेत रहेका यादवले मुख्यमन्त्री सतीश कुमार सिंह प्रदेश र संघीय सरकारलाई जानकारी समेत नदिइ बिना आमन्त्रण भारतको उत्तर प्रदेशका मुख्यमन्त्रीलाई भेट्न भारतीय भूमिमा गएको विषयमा संसदलाई जानकारी गराउन माग गरेका थिए ।

बैठकमा नेकपा माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका नेता भरतप्रसाद साहले भौतिक पूर्वाधार विकास मन्त्री यादवले योजना बिक्री गरेर जनाभावना विपरीत गुण्डा र प्रहरीको बलमा शिलान्यास गरिरहेको आरोप लगाए ।

महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकाको वडा नम्बर ८ को टिकुलिया सुसौला सडक खण्डको पौने तीन सय मिटर सडक ढलानको मन्त्री यादवले बलपूर्वक शिलान्यास गरे । सयौं स्थानीय वासिन्दाहरुले खेद्न थालेपछि मन्त्री यादवले शिलान्यास गरे लगत्तै भागेका थिए ।

संसदीय दलका नेता समेत रहेका भौतिक पूर्वाधार मन्त्री यादवको कारण एमालेका सभासद र नेताहरुले लज्जित हुनु परेको सार्वजनिक रुपमा नै बताउन थालेका छन् ।

जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादवले संसदीय छानबिन समिति गठन नभएसम्म सदन चल्न नदिने बताएका छन् । 'भौतिक पूर्वाधार विकास मन्त्री यादवसहित सरकारको अनियमितता छानबिनका लागि उच्चस्तरीय समिति गठन गर्नुपर्ने हाम्रो बटमलाइन हो' उनले भने, छानबिन समिति गठन नभएसम्म सदन चल्न सक्दैन ।

प्रदेश सभाको यसै कार्यकालमा तत्कालीन अर्थमन्त्री सञ्जय कुमार यादवमाथि आर्थिक अनियमितताको आरोप लागेपछि संसदबाट छानबिन समिति गठन भएको थियो । सो समितिका संयोजक उपेन्द्र महतोले प्रतिवेदन समेत प्रदेश सभामा बुझाइसकेका छन् ।


त्यसकारण अन्य मन्त्रीले आर्थिक अनियमितता गरेको आरोप लागेपछि संसदीय छानबिन समिति गठन गर्न कठिनाई नहुने बताइएको छ ।

छानबिन समितिको माग उठिरहे पनि मन्त्री यादवले राखेका दलालहरु योजना बिक्रीलाई तीव्र बनाएको बताइन्छ । बिक्री गरिएका योजनाहरुको कमिसनबाट जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १९ का मन्त्रीका दलालले धमाधम दुई तल्ले पक्की घर निर्माण गरिरहेका छन् । भुइँतल्लाको काम सम्पन्न गरी दोस्रो तल्लाको निर्माण जारी रहेको स्थानीय वासिन्दाहरुले जनाएका छन् ।

जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १३ र १४ को बीच पर्ने कभर्डहल क्षेत्रमा भौतिक पूर्वाधार विकास मन्त्रालयका एकजना उच्च व्यक्तिको आलिसान भवन निर्माणाधीन रहेको बताइएको छ । भवन निर्माणाधीन रहेको जग्गा उनको भाईको नाममा दर्ता गरिएको बताइएको छ ।

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE








विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था


सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू




सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं


डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।






थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू


उच्च ज्वरो आउनु


जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु


आँखाको गेडी दुख्नु


बेस्सरी टाउको दुख्नु


शरीरमा राता बिमिराहरु आउनु


वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।





घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।



( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

स्वास्थ्य निर्देशनालय
जनकपुरधाम, मधेश प्रदेश

# कोचिङ्ग एण्ड ट्रेनिङ्ग सेन्टर एसोसिएशन गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको शैक्षिक वातावरणलाई व्यवस्थित र सुदृढ बनाउन कोचिङ्ग एण्ड ट्रेनिङ्ग सेन्टर एसोसिएशन गठन गरिएको छ ।

जनकपुरधामस्थित प्रमुख कोचिङ्ग तथा ट्रेनिङ्ग सेन्टरहरूको छाता संगठनको रूपमा गठन भएको यस एसोसिएशनको अध्यक्षमा सत्यम कोचिङ्ग एण्ड ट्रेनिङ्ग सेन्टरका प्रमुख सत्यम यादव चयन भएका छन् । एसोसिएशनले दर्ता भएका कोचिङ्गहरूलाई व्यवस्थित गर्दै गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने उद्देश्य रहेको जनाइएको छ ।

पत्रकार सम्मेलनमा बोल्दै डकटेक एजुकेशनका संजय साहले जनकपुरधामको शैक्षिक अवस्थालाई सुधार गर्न एसोसिएशनको गठन गरिएको स्पष्ट पारे । उनले भने, 'हाम्रो उद्देश्य विद्यार्थीहरूलाई सक्षम बनाउन र यहाँको शैक्षिक जगलाई मजबुत पार्नु हो । यो एसोसिएशनले शिक्षा क्षेत्रमा रहेका समस्या समाधानका लागि एकताबद्ध रूपमा काम गर्नेछ ।'

त्यस्तै एम्स कोचिङ्गका आर्यन साहले एसोसिएशनको मुख्य उद्देश्य विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा दिनु रहेको बताएका छन् ।

अ हि ल े स म्म एसोसिएशनमा ४२ वटा कोचिङ्ग सेन्टर आबद्ध भइसकेका छन् । जनकपुरधाममा कुल ८० वटा कोचिङ्ग सेन्टरहरू सञ्चालनमा रहेका छन् । एसोसिएशनमा आवद्ध कोचिङ्गहरूमा १० हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् ।

# भारतीय रुपैयाँ सहित एकजना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । सशस्त्र प्रहरीले रौतहटको दुर्गाभगवती



गाउँपालिकाका एक जनालाई भारतीय रुपैयाँ सहित नियन्त्रणमा लिएको छ ।

जिल्लाको राजदेवी नगरपालिकाको भार तसँग जोडिएको सीमानाका हुँदै नेपाल प्रवेश गरेका दुर्गाभगवती गाउँपालिका वडा नम्बर ४ स्थित पचरुखीका राजकुमार सुडीलाई भारतीय रुपैयाँसहित सशस्त्र प्रहरीले शनिबार अपराह्न पक्राउ गरेको हो ।

सुडीलाई भारतबाट साइकलमा नेपाल प्रवेश गर्ने क्रममा चेकजाँच गर्दा आलु खुर्सानी राखिएको नाइलनको झोलाभित्र लुकाएर राखिएको ३ लाख ७८ हजार भारतीय रुपैयाँ फेला परेको रौतहट सशस्त्र प्रहरीले जनाएको छ ।

पक्राउ परेका सुढीलाई आवश्यक अनुसन्धान र कानुनी कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाउने तयारी भइरहेको छ । सशस्त्र प्रहरीले नेपाल-भारत सीमामा अवैध मुद्रा ओसारपसारलाई नियन्त्रण गर्न निगरानी बढाएको जनाएको छ ।

# भारतीय दूतावासद्वारा सांस्कृतिक कार्यक्रम



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालका लागि भारतीय राजदूतावास र वीरगञ्जस्थित भारतीय महावाणिज्यदूतावासको संयूक्त आयोजनामा मयुरभाँज छाउँ नृत्य प्रदर्शन गरिएको छ ।

जनकपुरधाम आइतबार नेपाल-भारतलाई धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रुपमा जोड्नका लागि आयोजना गरिएको सो नृत्य कार्यक्रममा मुख्यमन्त्री सतीशकुमार सिंहले नेपाल र भारतको सम्बन्धलाई चाहेर पनि कसैले तोड्न नसक्ने धारणा राखे ।

सो कार्यक्रममा मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले भूगोल र सम्बन्धका कारण पनि नेपाल र भारतको मौलिकता आफ्नै किसिमको रहेको बताए । उनले नेपाल-भारतको सम्बन्धको लाभ मधेश प्रदेशले उठाउन सक्नुपर्ने बताए ।

सो कार्यक्रममा नेपाल तथा भारतको सम्बन्धलाई थप प्रगाढ बनाउनका लागि दुबै देशको सांस्कृतिक झल्किने गरी नृत्य प्रस्तुत गरिएको थियो ।

# वीरगंज उद्योग वाणिज्य संघको अध्यक्षमा गौतम

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगंज उद्योग वाणिज्य संघको अध्यक्षमा हरि गौतम निर्विरोध निर्वाचित भएका छन् । संघको आज सम्पन्न पदाधिकारी निर्वाचनमा सर्वसम्मत रुपमा गौतम अध्यक्षमा निर्वाचित भएक छन् ।




त्यस्तै वरिष्ठ उपाध्यक्षमा माधव राजपाल, द्वितीय उपाध्यक्षमा मनोज दास, महासचिवमा शिबजी प्रसाद कलवार, कोषाध्यक्षमा अनोज रुंगटा, सचिवमा प्रेमचन्द्र गोयल, सुशान्त चाचान, सह-कोषाध्यक्षमा निरज अग्रवाल, सहसचिवमा नरेश टिवडेवाल निर्विरोध निर्वाचित भएका छन् भने अर्का सहसचिवमा अनुप अग्रवाल निर्वाचनबाट निर्वाचित हुनु भएको छ ।

नवनिर्वाचित अध्यक्ष गौतमले आफूलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपले निर्वाचित गराउने सम्पूर्ण पदाधिकारी तथा कार्यसमितीलाई धन्यवाद ज्ञापन गर्दै अगामी दिनमा यसैगरी हातेमालो गरी अगाडि बढने प्रतिवद्धता व्यक्त गरेका थिए । संघको विद्यान बमोजिम १२ जना पदाधिकारी रहने व्यवस्था छ । निवर्तमान अध्यक्ष स्वतः पदाधिकारीमा आउने पनि विधानमा व्यवस्था रहेको छ ।

त्यस्तै तृतीय उपाध्यक्ष अर्थात रोजगारदाता समितिको संयोजकको मनोनयन नयाँ कार्यसमितिको पहिलो बैठकले गर्ने व्यवस्था भएको प्रमुख निर्वाचन अधिकृत बालमुकुन्द खरेलले जनाए ।

# दलितको घर भत्काइएका बारेमा छानबिन गर्न संसदीय समिति गठनको माग

काठमाण्डु । राष्ट्रियसभाको आइतबारको बैठकमा सांसदहरूले सिरहाको औरही गाउँपालिका-५ मा महायज्ञ गर्ने भन्दै सोही स्थानका दीपक मल्लिकको घर भत्काइएको घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गर्नुभएको छ ।



सांसद घनश्याम रिजालले जातीय विभेदजस्तो जयन्घ अपराधको नेतृत्वकर्ता बजरङ्गी बाबासहित सो घटनामा संलग्न सबैलाई कारबाहीको माग गर्नुभयो । "दलित बसेको माटो अपवित्र हुन्छ भन्दै घरभित्र रहेको माटोसमेत खनेर फालिएको छ,", उहाँले भन्नुभयो, "यसबाट झन्डै ६० लाख दलित समुदायलाई अपमानति गरिएको छ । यो संविधान र कानुन विपरीतको काम हो ।"

सांसद रिजालले निर्वाचित जनप्रतिनिधिले जातीय विभेदजस्तो जघन्य अपराध गर्नुले नेपाली समाजको चेतनाको धरातल उदाङ्गो पारिदिएको बताउनुभयो । सो घटनामा संलग्न गाउँपालिका अध्यक्ष शिवजी यादवलाई प्रहरीले नियन्त्रणमा लिए पनि पीडित परिवारले अझै असुरक्षित महसुस गरिरहेको जनाउँदै उहाँले सुरक्षाको प्रत्याभूति गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद विष्णुदेवी पुडासैनी र विष्णुबहादुर विश्वकर्माले महायज्ञको नाममा दलितको घरमा डोजर लगाउनु आपाराधिक कार्य भएको बताउँदै सो घटनामा संलग्नलाई कारबाही गर्न माग गर्नुभयो । सांसद विश्वकर्माले पालिका अध्यक्षलाई तत्काल पदच्यूत गरेर कथित बजरङ्गी बाबालाई पक्राउ गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मनरुपा शर्माले म्याग्दीको बेनी नगरपालिका १९ वर्षीय मीना परियारको हत्यामा संलग्नलाई तत्काल कारबाही गर्न माग गर्नुभयो । सांसद रुक्मिणी कोइरालाले नसर्ने रोगबाट नागरिकलाई जोगाउने योजना ल्याउन सरकारसँग आग्रह गर्नुभयो। सांसद रेणु चन्दले राष्ट्रियसभाबाट पारित भएर प्रतिनिधिसभामा पठाइएको सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक कता हरायो ? भनी सरकारसँग प्रश्न गर्नुभयो ।

सांसद विष्णुकुमारी सापकोटाले गुल्मी छत्रकोट रुरु गाउँपालिकाका उखु किसानलाई व्यावसायिक उत्पादनका लागि प्रोत्साहन गर्नुका साटो विभिन्न बहानामा किसानलाई दुःख दिने काम भइरहेको भन्दै आपत्ति जनाउनुभयो । सांसद कृष्णबहादुर राकोयाले मध्यपहाडी राजमार्गअन्तर्गत रुकुम पश्चिमको चौरजहारी र जाजरकोटको मडेला जोड्ने भेरी नदीमा पुल निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद श्रीकृष्णप्रसाद अधिकारीले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले संसद्बाटै पुनः लोडसेडिङ हुन्छ भनेर भन्नु गलत भएको बताउनुभयो । सांसद पूजा चौधरी, बलदेव बोहरा, सावित्री मल्लले समसामियक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।रासस

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला महोत्तरी रामगोपालपुर न.पा., वार्ड नं. ८, टिकुलिया बजार, गोइठी स्थित घरमा Parking गरिराखेको अवस्थाबाट मिति २०८१/१२/०७ गते करिब राती १२:३० बजे प्र. ०२-०२-००५ प ३७१७ नम्बरको कालो रंगको ईन्जिन नं. BE4KM2900176 चेचिस नम्बर MD634BE46M2K00036 को टिभिएस कम्पनीको RTR 160 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः राजीशरण यादव**
**ठेगानाः सहसौला-९, महोत्तरी**
**मो.नं. ९८१८८१८७५२**

# वीरगञ्जको प्रमुख सडकको सिमाङ्कन गर्न पत्राचार

वीरगञ्ज । सर्वोच्च अदालतले वीरगञ्जका मुख्य सडक विस्तारविरुद्धको रिट खारेज गरेसँगै सडक डिभिजन हेटौँडाले सो खण्डमा पर्ने सडकको सिमाङ्कन गरिदिन नापी कार्यालय पर्सालाई पत्राचार गरेको छ ।

सडक डिभिजन हेटौँडाका डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले यही चैत ८ गते नापी कार्यालयलाई पत्र लेखेर त्रिभुवन राजपथअन्तर्गत पर्ने गण्डकचोक-पावरहाउस-घण्टाघर-विर्ता-रजतजयन्तीचोक-मितेरी पुलसम्मको सडकमा २५/२५ मिटरको सीमाक्षेत्र सिमाङ्कन गर्नुपर्ने भएकाले सोही बमोजिम गरी सडक सम्पत्ति संरक्षण गर्ने कार्यमा सहयोग गर्न अनुरोध गरेको हो ।

डिभिजन प्रमुख अधिकारीले सर्वोच्च अदालतको पूर्णपाठ आउनु अगावै सडक विस्तार हुँदा प्रभावित हुने घर, टहराको विवरण सङ्कलन गर्न नापी कार्यालयलाई सिमाङ्कनका लागि अनुरोध गरिएको बताउनुभयो । "सर्वोच्च अदालतले रिट खारेज गरेपछि सडक विस्तारका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न सिमाङ्कन गर्न लागेका छौँ", उहाँले भन्नुभयो, "सर्वोच्च अदालतको पूर्णपाठ हेरेपछि मात्रै सडक विस्तार अघि बढ्ने कामको सुरुवात गरिनेछ । यसले सडक विस्तारबाट हुने प्रभावित घरधुरीको यकीन विवरण सङ्कलन थालिएको हो ।"

डिभिजन प्रमुख अधिकारीले सडकको सिमाङ्कनका लागि तीन महिनाको अवधि लाग्नसक्ने अनुमान गर्नुभयो । "हामीले नापी कार्यालयलाई पत्राचार गरिसक्यौँ । अब



उहाँहरूले कति समय लगाएर यकीन विवरण सङ्कलन गर्नुहुन्छ", उहाँले भन्नुभयो ।

यसैबीच, वीरगञ्ज महानगर-९ का वडाध्यक्ष जवाहरप्रसाद गुप्ताले सडक विस्तार गर्न नहुने भन्दै वीरगञ्ज बचाऊ सङ्घर्ष समितिको नेतृत्व गर्दै आइरहनुभएको छ । वडाध्यक्ष गुप्ताले वीरगञ्जको पुरानो तथा ऐतिहासिक मेडरोड (प्रमुख मार्ग) को बजार हटाएर जनतालाई विस्थापित गर्न नहुने धारणा राख्नुभयो ।

गण्डकबाट रजतजयन्तीचोकसम्म कम्तीमा एक हजार एक सय घरधुरी प्रभावित हुने देखिन्छ", उहाँले भन्नुभयो, "यसले वीरगञ्जका करिब २० हजारभन्दा बढी सर्वसाधारणलाई घरविहीन बनाउने अवस्था सिर्जना गर्दैछ । त्यसैले जनतालाई हटाउने खालको विकास आवश्यक छैन ।" वडाध्यक्ष गुप्ताले वीरगञ्जमा बाइपास सडक, रेल्वे सडक, परवानीपुरबाट ड्राइपोर्टसम्म पर्याप्त सडक भएकाले पनि प्रमुख मार्ग विस्तार गर्नुको औचित्य नभएको दाबी गर्नुभयो ।

वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंह भने सडक विस्तार गर्नुपर्ने पक्षमा हुनुहुन्छ । सर्वोच्चका अदालतका न्यायाधीश विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले गत फागुन २८ गते रिट निवेदकको पाँच वटै रिट खारेज गरेसँगै डिभिजन सडक कार्यालय हेटौँडालाई वीरगञ्जको प्रमुख मार्ग को दायाँबायाँ २५-२५ मिटर चौडा गर्ने बाटो खुलेको छ ।

वीरगञ्जका छुट्टाछुट्टै पाँच घरधनी निवेदकले विभिन्न मितिमा उक्त सडकको दायाँबायाँ २५-२५ मिटर विस्तार गर्न नहुने भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । वीरगञ्ज महानगरका लक्ष्मण साह रौनियारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई विपक्षी बनाएर २०७६ सालमा सडक विस्तार रोक्नुपर्ने माग राख्दै रिट दायर गर्नुभएको थियो । अन्य निवेदकहरूले पनि फरक-फरक मितिमा सडक विस्तारविरुद्धमा रिट दायर गरेका हुन् ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आम्दानी सामान्य भए पनि ठुलो खाँचो हुनेछ ।
वृष : नयाँ व्यवसाय सुरु गर्ने मौका छ ।
मिथुन : प्रयत्न गर्दा भाग्यले साथ दिनेछ ।
कर्कट : रमाइलो यात्राको अवसर जुट्न सक्छ ।
सिंह : सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ ।
कन्या : प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ । प्रतिस्पर्धीहरुलाई सजिलै वशमा ल्याउन सकिनेछ ।
तुला : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ।
वृश्चिक : विगतका कमजोरी सच्याउने मौका मिल्ने छ।
धनु : काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ ।
मकर : सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ ।
कुम्भ : अध्ययन अध्यापनमा प्रगति हुनेछ ।
मीन : विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |


जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मर्यादाविपरीत काम गर्ने चार निरीक्षकलाई जिम्मेवारीबाट हटाइयो



वीरगन्ज । जिल्लामा माध्यमिक शिक्षा परीक्षा (एसइई) मा मर्यादाविपरीत कार्य गर्ने सहायक केन्द्राध्यक्षसहित चार निरीक्षकलाई जिम्मेवारीबाट हटाइएको छ । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल (प्रजिअ)को अध्यक्षतामा शनिबार साँझ बसेको एसइई परीक्षा समन्वय समितिको बैठकले उनीहरुलाई जिम्मेवारीबाट हटाउने निर्णय गरेको हो ।

प्रजिअ अर्यालले माइस्थान विद्यापिठ माध्यमिक विद्यालय वीरगन्जका केन्द्राध्यक्ष मुनिलाल कर्णले परीक्षाको मर्यादा र अनुशासन परिपालनामा पर्याप्त सावधानी तथा सतर्कता अपनाएको नदेखिएकाले निजलाई सचेत गराउने निर्णय गरिएको बताउनुभयो । सोही केन्द्रका सहायक केन्द्राध्यक्ष जयप्रकाश सर्राफको गतिविधि संकास्पद देखिएकाले निजलाई परीक्षा अवधिभर उक्त परीक्षा केन्द्रमा प्रवेश नगराउने निर्णय भएको उहाँले बताउनुभयो ।

बैठकले नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, मसिहानी र नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, निचुटा परीक्षा केन्द्रमा अभिभावक सङ्घलगायत अनधिकृत व्यक्तिको प्रवेश देखिएकाले उक्त केन्द्रका केन्द्राध्यक्षलाई लिखित रूपमा ध्यानाकर्षण गराउने निर्णय गरेको छ। त्यस्तै नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, मसिहानी केन्द्रमा निरिक्षकका रूपमा खटिएका शिक्षक लालबाबु यादवले परीक्षाको मर्यादाविपरीत कार्य गरेकाले निजलाई निरीक्षकको जिम्मेवारीबाट हटाउने निर्णय गरेको छ । सो बैठकले सिद्धार्थ माध्यमिक विद्यालय चिनी कारखाना वीरगन्ज परीक्षा केन्द्रका संस्थागत विद्यालयमा समेत अध्यापन गराउने धमेन्द्र पाण्डे र रामबालक यादवलाई निरीक्षकको जिम्मेवारीबाट हटाउन केन्द्राध्यक्षलाई निर्देशन दिएको छ ।

सुन्दरमल रामकुमार कन्या माध्यमिक विद्यालय वीरगन्ज परीक्षा केन्द्रमा नियमिततर्फका परीक्षार्थीलाई ग्रेडवृद्धितर्फको प्रश्नपत्र दिएको र ग्रेडवृद्धितर्फका परीक्षार्थीलाई नियमिततर्फको प्रश्नपत्र वितरण गरिएको पाइएकाले त्यस्ता कार्य आगामी परीक्षामा हुन नदिन निर्देशन दिँदै प्रश्नपत्र वितरणलगायत परीक्षा व्यवस्थापनमा सहजीकरण गर्न स्थानीय तहको शिक्षा शाखाका पदाधिकारीलाई समेत परिचालन गर्ने निर्णय गरिएको प्रजिअ अर्यालले जानकारी दिनुभयो । बैठकले परीक्षा केन्द्रहरुमा प्रश्नपत्र परीक्षा समयभन्दा ठिक २० मिनेट अगाडि मात्र खोल्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ ।रासस

# बारामा एघार हजार मेट्रिकटन तेलहन उत्पादन

कलैया । यहाँका किसानले तेलहनखेती गरी ११ हजार दुई सय मेट्रिकटन तेल उत्पादन गरेका छन् । किसानले १० हजार हेक्टर क्षेत्रफलमा तेलहनखेती गरी प्रतिहेक्टर एक सय एक मेट्रिकटनका दरले तेलहन उत्पादन गरेका जिल्लास्थित कृषि ज्ञान केन्द्रका प्रमुख राजनारायणप्रसाद साहले जानकारी दिनुभयो ।

केन्द्रका अर्थ विज्ञ गणेश महराले यहाँ किसानले पछिल्लो समय तेलहनखेती विस्तार गर्दै लगेकाले उत्पादन पनि बढिरहेको बताउनुभयो । उहाँका अनुसार गत वर्ष १० हजार दुई सय हेक्टर क्षेत्रफलमा खेत गरी प्रतिहेक्टर एक दशमलव एक मेट्रिकटनका दरले ११ हजार दुई सय २० मेट्रिकटन तेलहन उत्पादन भएको थियो ।

आर्थिक वर्ष २०७९/८० मा १० हजार तीन सय, आव २०८०/८१ मा १० हजार दुई सय र आव २०८१/८२ मा १० हजार हेक्टर क्षेत्रफलमा तेलहनखेती भएको प्रमुख साहले जानकारी दिनुभयो ।रासस

# वीरगञ्ज सुक्खा बन्दरगाहबाट ३२ अर्ब ३२ करोड राजस्व सङ्कलन

वीरगञ्ज । वीरगञ्ज सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको आठ महिनामा रु ३२ अर्ब ३२ करोड ८८ लाख ७८ हजार राजस्व सङ्कलन गरेको छ ।

भन्सार विभागले कार्यालयलाई वर्षभरिमा रु ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो । सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख धनबहादुर बरुवालका अनुसार चालु आवको पछिल्ला दुई महिनामा मासिक लक्ष्यको ९२ प्रतिशतसम्म राजस्व सङ्कलन भएको छ ।

कार्यालयले गत साउनमा रु तीन अर्ब ७५ करोड, भदौमा रु चार अर्ब ६४ करोड राजस्व सङ्कलन गरेको थियो । असोजमा रु चार अर्ब ३६ करोड, कात्तिकमा रु तीन अर्ब ७९ करोड राजस्व सङ्कलन गरेको थियो ।

यसैगरी, गत मङ्सिरमा रु तीन अर्ब २२ करोड, पुसमा रु तीन अर्ब ५६ करोड, माघमा रु चार अर्ब २९ करोड र फागुनमा रु चार अर्ब ६८ करोड राजस्व सङ्कलन गरेको हो । चालु आवको आठ महिनामध्ये सबैभन्दा धैरै राजस्व फागुनमा नै सङ्कलन भएको छ ।रासस

# व्यवस्थापनमा सुधार गरिएसँगै जनकपुर अस्पतालमा दैनिक १२ सय बिरामीको उपचार




जनकपुरधाम । गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरेपछि जनकपुरस्थित प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार गराउन आउने बिरामीको संख्यामा उल्लेख्य वृद्धि भएको छ ।

मधेस प्रदेशको प्रादेशिक अस्पतालका निर्देशक डा जामुनप्रसाद सिंहका अनुसार यसअघि दैनिक करिब दुई सय बिरामी उपचार गराउन आउने गरेकामा व्यवस्थापनको सुधारसँगै अहिले दैनिक एक हजार दुई सयसम्म बिरामी अस्पताल आउने गरेका छन् ।

व्यवस्थापन सुधार कार्यक्रमअन्तर्गत 'हेल्प डेस्क'को व्यवस्था तथा भौतिक पूर्वाधारसहित जनशक्तिको व्यवस्थापन भएसँगै सेवा चुस्तदुरुस्त भएको सो अस्पतालले जनाएको छ ।तोकिएका समयमा अस्पताल नआउने र राम्रोसँग जिम्मेवारी बहन नगर्ने चिकित्सक एवं स्वास्थ्यकर्मीलाई कारबाही गर्न थालेपछि अहिले बिरामी एवं तिनका आफन्तजनबाट गुनासा आउनेक्रम कम भएको निर्देशक डा सिंहले बताउनुभयो ।

अस्पतालले पछिल्लो समय तोकिएको समयमा स्वास्थ्यकर्मीबाट निर्वाध रुपमा स्वास्थ्य सेवा प्रवाह भइरहेको, औषधि वितरण कार्यलाई पारदर्शी एवं प्रभावकारी बनाएको, शल्यक्रिया गर्दा कुनै पनि भेद्भाव नगरेको र प्राप्त हुने गुनासा यथासक्य छिटो सम्बोधन गर्न थालेपछि बिरामीको चाप उल्लेख्य सङ्ख्यामा बढेको स्पष्ट गरेको छ । प्रयोगशाला प्रमुख प्रमेश्वर यादवका अनुसार यसअघि अस्पतालको व्यवस्थान राम्रो नहुँदो बिरामीहरु उपचार गराउन निजी अस्पतालमा जान बाध्य हुने गरेकामा अहिले दैनिक बहिरङ्ग सेवाअन्तर्गत एक हजार २०० बिरामी प्रादेशिक अस्पताल जनकपुर आउने गरेका छन् ।

सो अस्पतालको समाजिक सुरक्षा विभागका डा बद्री साहले गरिब तथा असहाय बिरामीलाई स्वास्थ्य उपचारदेखि औषधि तथा प्रयोशालामा निःशुल्क सेवा उपलब्ध गराउँदै आएको बताउनुभयो ।

प्रदेश अस्पताल जनकपुरधाममा चिकित्सक, नर्स, प्राविधिक, प्रशासन, सरसफाइकर्मीसहित करिब पाँच सय कर्मचारी कार्यरत रहेको प्रशासन प्रमुख फूलकुमार यादवले जानकारी दिनुभयो ।रासस

# अधिकांश मन्त्रालयले चालु आवको भन्दा कम बजेट पाउने सम्भावना, यस्तो छ मन्त्रालयलाई दिइएको "सिलिङ"

काठमाण्डु । सार्वजनिक ऋणको सावा-ब्याज भुक्तानी, सामाजिक सुरक्षामा खर्च हुने रकमजस्ता अनिवार्य दायित्व निरन्तर बढ्ने तर सरकारको राजस्व लक्ष्यअनुसार सङ्कलन नहुने अवस्था देखिएपछि अधिकांश विषयगत मन्त्रालयहरूले चालु आर्थिक वर्ष (आव) को भन्दा आगामी आवका लागि कम बजेट पाउने सम्भावना देखिएको छ ।

राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आव २०८२/८३ का लागि रु १९ खर्ब ६५ करोडको बजेट सिलिङ निर्धारण गरेको छ। सरकारले यही सीमाभित्र रहेर बजेट ल्याउनुपर्ने हुन्छ। चालु आवको रु १८ खर्ब ६० अर्ब ३० करोडको वास्तविक विनियोजनभन्दा आगामी आवको बजेट सिलिङ केही बढी देखिए पनि अनिवार्य दायित्वमा खर्च बढ्ने भएपछि विकास खर्च बढी हुने मन्त्रालयले नै न्यून बजेट पाउने अवस्था आएको हो । ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, कृषि तथा पशुपन्छी विकासलगायत पुँजीगत खर्च बढी हुने मन्त्रालयको बजेट नै कटौतीमा पर्ने देखिएको छ।

आगामी आवका लागि रु १९ खर्ब ६५ करोडको बजेट सिलिङ निर्धारण गर्दा आन्तरिक राजश्वबाट रु १२ खर्ब ६३ अर्ब १० करोड मात्रै प्राप्त हुने अनुमान गरिएको छ। स्रोत अनुमान समितिले दिएको सिलिङअनुसार बजेट ल्याउने हो भने रु छ खर्ब ३७ अर्ब ५५ करोड स्रोत अपुग हुने यसले देखाउँछ। स्रोतको आँकलन गर्दा चालु आवको आन्तरिक राजस्वको लक्ष्य र आगामी आवको अनुमानमा खासै ठूलो अन्तर देखिँदैन । मध्यावधि समीक्षामार्फत् कायम गरिएको राजस्व लक्ष्यका तुलनामा भने करिब १० प्रतिशतले बढ्ने सरकारको अनुमान छ।

**ऋणको सावा-ब्याज तिर्न चार खर्ब १० अर्ब चाहिने**

सार्वजनिक ऋणको साँवा ब्याज तिर्न यस वर्ष सरकारले रु चार खर्ब दुई अर्ब ८५ करोड विनियोजन गरेको थियो तर आगामी आवमा सरकारी ऋण तिर्न रु चार खर्ब १० अर्ब भन्दाबढी रकम चाहिने समितिले जनाएको छ। आगामी आवमा आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीका लागि रु तीन खर्ब ४३ अर्ब ५५ करोड ८७ लाख चाहिने अनुमान छ।

चालु आवमा यस्तो ऋण तिर्नका लागि सरकारले रु तीन खर्ब ३६ अर्ब ९५ करोड ४४ लाख विनियोजन गरेको थियो । यस्तै, बाह्य ऋणको सावा-ब्याज तिर्न आगामी आवमा रु ६७ अर्ब १८ करोड ९८ लाख बराबर चाहिने देखिएको छ । जसमध्ये बहुपक्षीय वैदेशिक ऋणको साँवा ब्याज भुक्तानीका लागि रु ४९ अर्ब ६१ करोड २७ लाख र द्विपक्षीय वैदेशिक ऋण तिर्न रु १७ अर्ब ५७ करोड ७१ लाख चाहिने अनुमान गरिएको छ। चालु आवका लागि सरकारले बाह्य ऋण तिर्न रु ६५ अर्ब ८९ करोड ८२ लाख विनियोजन गरेको थियो ।

अर्थ विविध शीर्षक अर्थात् अबण्डामा ठूलो रकम राखेर तजबिजीमा गर्ने परिपाटीमाथि विगतका वर्षहरूमा संसद्मै आलोचना हुने गरेको छ । चालु आवका लागि सरकारले रु ७५ अर्ब ९५ करोड अबण्डामा राखेर बजेट लाएको थियो तर स्रोत अनुमान समितिले आगामी आवको बजेटका लागि रु एक खर्ब दुई अर्ब २७ करोड ८८ लाख बराबर बजेट अर्थ विविध शीर्षकमा राख्न सकिने गरी सिलिङ निर्धारण गरेको छ।

आगामी आवका लागि प्रदेश र स्थानीय तहमा सङ्घ सरकारबाट जाने वित्तीय हस्तान्तरणतर्फको बजेट भने केहि बढ्न सक्ने गरी सिलिङ निर्धारण भएको छ। चालु आवका लागि सरकारले वित्तीय हस्तान्तरणतर्फ रु चार खर्ब आठ अर्ब ८७ करोड विनियोजन गरेको थियो । आगामी आवका लागि यसको सीमा रु चार खर्ब १३ अर्ब ३९ करोड तोकिएको छ । जसमध्ये प्रदेशलाई रु ९७ अर्ब ५१ करोड १७ लाख र स्थानीय तहलाई रु तीन खर्ब १५ अर्ब ८७ करोड ८३ लाख बराबर सिलिङ तोकिएको छ।

**कुन मन्त्रालयलाई कति सिलिङ ?**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आवका लागि रु छ अर्ब १५ करोड ७२ लाखको बजेट सिलिङ पाएको छ। जसमध्ये चालु शीर्षकका लागि रु पाँच अर्ब ४४ करोड ६५ लाख र पुँजीगत शीर्षकका लागि रु ७१ करोड सात लाखको सीमाभित्र रहेर बजेट ल्याउन भनिएको छ । प्रधानमन्त्री कार्यालयले चालु आवका लागि रु पाँच अर्ब ५९ करोड १७ लाखको बजेट पाएको थियो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले रु आठ अर्ब २५ करोड १५ लाख बराबरको सिलिङ पाएको छ । यस मन्त्रालयले चालु आवका लागि रु नौ अर्ब २८ करोड २२ लाखको बजेट ल्याएको थियो । यस आधारमा उद्योग मन्त्रालयले चालु आवका लागि पाएको बजेटभन्दा आगामी आवको बजेट सिलिङ कम छ।

यस्तै, चालु आवका लागि रु ८७ अर्ब ५५ करोड ९९ लाखको बजेट पाएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आगामी आवका लागि रु ५० अर्ब ७९ करोड ९१ लाख बराबरको मात्रै सिलिङ पाएको छ। यो मन्त्रालयअन्तर्गतका राष्ट्रिय गौरवका आयोजनाबाहेकको बजेट सिलिङ हो। यद्यपि, ऊर्जा मन्त्रालयले पनि चालु आवका लागि पाएको बजेटभन्दा आगामी आवका लागि न्यून बजेट पाउने सम्भावना छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको बजेट पनि घट्ने देखिएको छ। चालु आवका लागि रु ५७ अर्ब २९ करोडको बजेट ल्याएको यस मन्त्रालयले आगामी आवका लागि भने रु ५० अर्ब ७५ करोड ७८ लाखको मात्रै बजेट सीमा पाएको छ।

यस्तै, खानेपानी मन्त्रालयको बजेट सिलिङ रु २० अर्ब ७५ करोड १३ लाख तोकिएको छ। यस मन्त्रालयले चालु आवका लागि रु २६ अर्ब ६३ करोड ४७ लाखको बजेट ल्याएको थियो । यस वर्षको तुलनामा आगामी आवमा खानेपानी मन्त्रालयले पनि सानो आकारको बजेट पाउने सम्भावना देखिएको छ।

चालु आवका लागि रु एक खर्ब ९९ अर्ब २४ करोड ३४ लाखको बजेट पाएको गृह मन्त्रालयले आगामी आवका लागि रु दुई खर्ब तीन अर्ब ९१ करोड ५० लाखको सिलिङ पाएको छ। यो मन्त्रालयले पाएको सिलिङमध्ये रु एक खर्ब ९२ अर्ब २४ करोड ४५ लाख चालु शीर्षकका लागि र रु ११ अर्ब ६७ करोड पुँजीगत शीर्षकका लागि निर्धारण गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको बजेट पनि घटेर आउने देखिएको छ । चालु आवका लागि रु ११ अर्ब ९१ करोड १५ लाखको बजेट पाएको यस मन्त्रालयले आगामी आवका लागि भने रु पाँच अर्ब ९९ करोड ९६ लाख बराबरको मात्रै सिलिङ पाएको छ।

परराष्ट्र मन्त्रालयको बजेटको आकार भने बढ्ने देखिएको छ। यस मन्त्रालयले चालु आवका लागि रु छ अर्ब ७७ करोड ४२ लाखको बजेट पाएकामा आगामी आवका लागि रु सात अर्ब ३६ करोड ७६ लाखको बजेट सीमा निर्धारण गरिएको छ । वन तथा वातावरण मन्त्रालयको बजेट घट्ने देखिएको छ। यस मन्त्रालयले आगामी आवका लागि रु १२ अर्ब ३१ करोड ६१ लाखको सिलिङ पाएको छ । वन मन्त्रालयको चालु आवको बजेट रु १५ अर्ब ७० करोड ९१ लाख थियो।




यसैगरी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले चालु आवका लागि रु छ अर्ब ८२ करोड ६२ लाख बराबरको बजेट ल्याएकामा आगामी आवका लागि रु छ अर्ब ९१ करोड ९९ लाखको सीमा निर्धारण भएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले चालु आवका लागि पाएको बजेटभन्दा आगामी आवको सिलिङ कम छ। यस मन्त्रालयले चालु आवका लागि रु एक खर्ब ५० अर्ब ५३ करोड २१ लाख बराबरको बजेट पाएको थियो तर आगामी आवका लागि भने रु एक खर्ब ४४ अर्ब ७५ करोड १० लाख बराबरको सिलिङ पाएको छ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आगामी आवका लागि रु एक अर्ब ६२ करोड २० लाखको सीमा पाएको छ। यस मन्त्रालयका लागि चालु आवमा रु एक अर्ब ६० करोड ४५ लाख विनियोजन भएको थियो।

चालु आवका लागि रु तीन अर्ब ५० करोड ४८ लाखको बजेट ल्याएको युवा तथा खेलकुद मन्त्रालयले आगामी आवका लागि रु तीन अर्ब ७१ करोड २७ लाख बराबरको सिलिङ पाएको छ । रक्षा मन्त्रालयको बजेट पनि बढ्ने देखिएको छ। चालु आवका लागि रु ५९ अर्ब ८७ करोड १४ लाखको बजेट ल्याएका यस मन्त्रालयले आगामी आवका लागि रु ६० अर्ब ५६ करोड २८ लाख बराबरको सिलिङ पाएको छे।

सहरी विकास मन्त्रालयको बजेट घट्ने देखिएको छ। चालु आवका लागि रु ९२ अर्ब ६३ करोड ५४ लाखको बजेट ल्याएको यस मन्त्रालयले आगामी आवका लागि रु ५१ अर्ब ८९ करोड २१ लाख बराबरको सिलिङ पाएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले चालु आवका लागि रु दुई खर्ब तीन अर्ब ६६ करोड २० लाखको बजेट ल्याएको यस मन्त्रालयले आगामी आवका लागि रु ५८ अर्ब २८ करोड १५ लाख बराबरको मात्रै सिलिङ पाएको छ।

यस्तै, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले रु सात अर्ब ५२ करोड ८१ लाखको सिलिङ पाएको छ। मन्त्रालयले चालु आवका लागि रु सात अर्ब ३५ करोड २९ लाखको बजेट ल्याएको थियो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले चालु आवका लागि रु नौ अर्ब १७ करोड १४ लाखको बजेट ल्याएकामा आगामी आवका लागि रु छ अर्ब ५१ करोड ३७ लाखको सिलिङ पाएको छ। यस्तै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बजेट पनि घट्ने देखिएको छ । चालु आवका लागि रु ८६ अर्ब २३ करोड ८९ लाखको बजेट पाएको यस मन्त्रालयका लागि आगामी आवमा रु ४७ अर्ब ३७ करोड ९८ लाखको सिलिङ निर्धारण भएको छ।

यस्तै, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका लागि रु एक अर्ब ३८ करोड ५८ लाखको सिलिङ निर्धारण भएको छ । यस मन्त्रालयले चालु आवका लागि रु आठ अर्ब नौ करोड ९७ लाख बराबरको बजेट ल्याएको छ।

चालु आवका लागि रु ५४ करोड ५३ लाखको बजेट ल्याएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले आगामी आवका लागि रु ५५ करोड ७३ लाखको बजेट सीमा पाएको छ । अर्थ मन्त्रालयले आगामी आवका लागि रु ४३ अर्ब ३७ करोड ४२ लाख बराबरको सिलिङ पाएको छ। गत आवका लागि मन्त्रालयले पाएको बजेट भन्दा यो निकै कम हो। यद्यपि, अर्थ विविध शीर्षकमा गरिएको स्रोत अनुमान, वित्तीय व्यवस्थातर्फको बजेट र मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए-नेपाल) का लागि गरिने स्रोत अनुमानसमेत राखेर हेर्दा चालु आवको बजेट हाराहारीकै सिलिङ तयार पारिएको छ।

**साढे छ खर्बको घाटा बजेट ल्याउन सकिने गरी स्रोत अनुमान**


राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आव २०८२/८३ का लागि करिब साढे छ खर्ब बराबरको घाटा बजेट ल्याउन सकिने गरी स्रोतको सीमा (सिलिङ) निर्धारण गरेको छ।

आगामी आवका लागि रु १९ खर्ब ६५ करोडको बजेट सिलिङ निर्धारण गर्दा आन्तरिक राजश्वबाट रु १२ खर्ब ६३ अर्ब १० करोड मात्रै प्राप्त हुने अनुमान गरिएको छ। निर्धारित सिलिङअनुसार बजेट ल्याउने हो भने रु छ खर्ब ३७ अर्ब ५५ करोड स्रोत अपुग हुनेछ। यस्तो अपुग रकमलाई आन्तरिक तथा बाह्य ऋण र अनुदानमार्फत पूर्ति गरिनेछ। मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) अनुपातमा सार्वजनिक ऋण बर्सेनि बढ्दै जानु, ऋणको साँवा ब्याज भुक्तानीका लागि ठूलो रकम खर्च हुनु, ऋण लिएको रकम पुँजी निर्माणमा भन्दा चालु प्रकृतिका कार्यमा जानुलाई चुनौतीका रूपमा हेर्ने गरिन्छ । स्रोत अनुमान समितिले निर्धारण गरेको सीमाअनुसार नै बजेट आउने हो र सोहिअनुसार खर्च पनि हुने हो भने आगामी आवमा मात्र मुलुकलाई करिब रु छ खर्ब ऋण थपिने देखिन्छ।

ठूलो आकारको बजेट ल्याउन ऋणलाई स्रोतका रूपमा देखाउने तर आन्तरिक राजस्व भने बढ्न नसक्ने स्थिति हरेक वर्ष आउने गरेको छ । आगामी आवको सरकारी राजस्व वृद्धिको अनुमान हेर्ने हो भने चालु आवको बजेटमा राखिएको सुरुआती लक्ष्यकै हाराहारीमा छ । यद्यपि, चालु आवको संशोधित अनुमानभन्दा १० दशमलव तीन प्रतिशतले आन्तरिक राजस्व प्राप्ति बढ्ने आँकलन समितिले गरेको छ। चालु आवको बजेटमार्फत सरकारले रु १२ खर्ब ६० अर्ब ३० करोड आन्तरिक राजस्व उठाउने लक्ष्य राखेको थियो तर बजेटको मध्यावधि समीक्षामार्फत् राजस्वको लक्ष्य घटाएर रु ११ खर्ब ४५ अर्ब २६ करोड बराबर मात्रै प्राप्ति हुने अनुमान गरिएको छ।

आगामी आवका लागि रु १९ खर्ब हाराहारीको बजेट ल्याउन सकिनेगरी सीमा निर्धारण गर्दा करिब साढे छ खर्ब बराबर स्रोत अपुग हुने देखिन्छ। उक्त रकम वैदेशिक ऋण तथा अनुदान र आन्तरिक ऋण उठाएर पूर्ति गर्नुपर्ने हुन्छ। समितिले चालु आवको तुलनामा आगामी आवमा वैदेशिक सहायता २८ दशमलव आठ प्रतिशतले बढ्ने आँकलन गरेको छ । आगामी आवमा वैदेशिक अनुदान रु ४५ अर्ब र वैदेशिक ऋण रु दुई खर्ब ३५ अर्ब नौ करोड प्राप्त हुने अनुमान गरिएको छ जबकि सरकारले चालु आर्थिक वर्षको बजेटको मध्यावधि समीक्षामार्फत वैदेशिक ऋण र अनुदान प्राप्तिको लक्ष्य पनि संशोधन गरेको थियो । चालु आवका लागि रु दुई खर्ब १७ अर्ब ६७ करोड वैदेशिक ऋण लिने सरकारको लक्ष्य रहेकामा गत माघमा मध्यावधि समीक्षामार्फत त्यसलाई घटाएर रु एक खर्ब ८० अर्ब ८४ करोड कायम गरिएको छ । यस्तै, चालु आवमा रु ५२ अर्ब ३३ करोड वैदेशिक अनुदान लिने सरकारको लक्ष्य रहेकामा बजेट समीक्षामार्फत त्यसलाई घटाएर रु ३६ अर्ब ६३ करोड कायम गरिएको छ।

यस्तै, आगामी आवको घाटा बजेट पूर्ति गर्ने स्रोत देखाउँदा आन्तरिक ऋणको आकार पनि चालु आवको भन्दा बढाउन खोजिएको छ । सरकारले चालु आवका लागि रु तीन खर्ब ३० अर्ब आन्तरिक ऋण लिने लक्ष्य राखेको छ । आगामी आव २०८२/८३ का लागि भने रु तीन खर्ब ५७ अर्ब ४६ करोड बराबर स्रोत आन्तरिक ऋण उठाएर पूर्ति गर्न सकिने अनुमान गरिएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# अमर्यादित बन्दै एसईई

देशभरि नै एसईई परीक्षा सञ्चालन भइरहेको छ। आइतबार तीन दिनको परीक्षा सम्पन्न भएको छ। एसईई परीक्षाको बिभिन्न केन्द्रमा भइरहेको अमर्यादित कार्यहरुको भिडियो र समाचारहरु सार्वजनिक भइरहेका छन्। देशको मधेश प्रदेशमा मात्र नभइ सबै जिल्लामा यस प्रकारको अमर्यादित कार्य भइरहेको छ। एसईई परीक्षा अब विगतको जस्तो फलामो ढोका रहेको छैन। तर पनि परीक्षालाई मर्यादित रुपमा नै सञ्चालन गर्नुपर्छ। एसईई परीक्षा अमर्यादित भए त्यसको असर समग्र शिक्षामा पर्ने छ। हुन त अब उच्च शिक्षाका लागि कक्षा १२ उत्तीर्ण हुनुपर्छ। एसईई परीक्षा उतिर्ण गरेर उच्च शिक्षाका लागि विद्यार्थीहरुको मनोबल उच्च हुने गर्छ। आत्मबल बढाउन एसईई परीक्षाको सर्वाधिक महत्व छ। सबै परीक्षा मर्यादित हुनुपर्छ। परीक्षा भनेकै परीक्षा हो। परीक्षा दिने विद्यार्थीहरु हुन अथवा जागिरका लागि परीक्षा दिनेहरु हुन्, सबैका लागि परीक्षाको महत्व एक जस्तो नै हुन्छ। परीक्षालाई अमर्यादित बनाएर उत्तीर्ण हुनेहरुले तत्कालका लागि ठूलो सफलता पाएको महसुस गरे पनि क्षमता विकासमा सहयोगी हुँदैन। क्षमता विकासका लागि अध्ययन नै आवश्यक छ। अध्ययन गरेका विद्यार्थीका लागि परीक्षा समान्य हुन जान्छ। अध्ययन गरेका विद्यार्थीले उच्च मनोबलका साथ परीक्षामा सहभागी हुन्छन्। उनीहरुले राम्रो अंकका साथ सफलता प्राप्त गर्छन्। तर चोरी गरेर उत्तीर्ण हुने विद्यार्थीमा आत्मबल कमजोर हुन्छ। त्यसकारण अभिभावकहरुले परीक्षामा सन्तानलाई उत्तीर्ण गराउने भन्दा उनको क्षमतालाई सुदृढ बनाउन ध्यान दिनुपर्छ। चिट चोरेर उत्तीर्ण भएका विद्यार्थीहरुले उच्च शिक्षा अथवा प्राविधिक शिक्षा हासिल गर्न निकै कठिनाइको सामना गर्नुपर्छ। परीक्षा दिइरहेका सन्तानलाई चोरी गराउन जाने अभिभावक आफ्नै बच्चाका लागि हित गरिरहेको हुँदैन। सन्तानलाई अध्ययनशील बनाउन अभिभावकले वातावरण बनाइ दिनु पर्छ। अभिभावकले परीक्षामा चिट चोर्न विद्यार्थीलाई उक्साउने होइन। परीक्षालाई मर्यादित बनाउन अभिभावकहरुले समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ। परीक्षालाई मर्यादित बनाउने जिम्मेवारी सरकार, शिक्षा सम्वद्ध निकायको मात्र नभइ अभिभावकको समेत महत्वपूर्ण हुन्छ। एसईई परीक्षामा देखिएको कमीकमजोरीहरु नयाँ होइन। हरेक वर्ष देशभरि नै एसईई परीक्षामा चिट चोरी हुन्छ। मधेश प्रदेशको नाम अगाडि आउँछ। त्यो मधेश प्रदेशका लागि गौरवको विषय होइन। त्यसले विद्यार्थीको भविष्यलाई बिगार्ने काम मात्र गर्छ। मधेशको शिक्षा कुनै बेला देशकै उत्कृष्ट मानिन्थ्यो। मधेशका कतिपय कलेज र विद्यालयका नाम नै काफी थियो। त्यो स्थिति भन्दा पनि राम्रो गर्नुपर्ने आवश्यकता छ। यसका लागि अभिभावक र विद्यार्थी सबैले प्रण गर्न आवश्यक छ।

# 'जियोपोलिटिक्स', 'डिप्लोमेसी' र 'जियोइकोनमिक्स'को अन्तर्सम्बन्ध के ?



केशव खतिवडा

अन्तर्राष्ट्रिय सम्बन्ध, राजनीति तथा कूटनीतिमा कुनै मुलुक विशेषको भूगोलको कारणले पर्न सक्ने प्रभावलाई नै भूराजनीति भनेर बुझिन्छ। जुन राजनीतिक भूगोलको एउटा सिद्धान्त पनि हो। भूराजनीति अध्ययनको विधिबाट मुलुकको भूगोल विशेषको कारणले अन्तर्राष्ट्रिय राजनीतिक सम्बन्ध, विदेश नीति, आर्थिक कूटनीति, सैन्य शक्ति र अन्य संगठनात्मक अन्तर्सम्बन्धका बारेमा व्याख्या, विश्लेषण तथा पूर्वअनुमान गरिन्छ।

भूराजनीतिक अध्ययनले प्राचीनकालदेखि नै महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ। प्राचीन ग्रिसका दार्शनिकले भूगोल र शक्तिसम्बन्धी सिद्धान्तहरू यसैका आधारमा प्रतिपादन गरेका थिए। भूराजनीति शब्दको प्रयोग भने सर्वप्रथम सन् १८९९ मा रुडोल्फ जेलेनले गरेका हुन्। यसपछि सन् १९०४ मा हाल्फोर्ड म्याकिन्डरले हार्टल्यान्ड सिद्धान्त प्रस्तुत गरे। उनका अनुसार युरोप र एसियाको मध्यभागलाई हार्टल्यान्ड नामकरण गरी यो भूगोलमा शासन गर्नेले विश्वमाथि नै नियन्त्रण गर्न सक्ने सम्भावना रहेको धारणा प्रस्तुत गरे। शीतयुद्धकालीन समयमा यो धारणा धेरै देशको रणनीतिक सोचाइ बन्न पुग्यो।

त्यसै गरी निकोलस स्पाइकम्यान नामक विद्वान्ले रिमल्यान्ड सिद्धान्त प्रस्तुत गरे। उनका अनुसार रिमल्यान्ड (युरोप, मध्यपूर्व, दक्षिण र पूर्वी एसिया) विश्व भूराजनीति मञ्चमा हार्टल्यान्ड भन्दा महत्त्वपूर्ण हुन सक्ने धारणा प्रस्तुत गरे। यो सिद्धान्तको प्रभाव खासगरी अमेरिका र पश्चिमा राष्ट्रहरूलाई पर्न गएका कारण उनीहरूको रणनीतिको सहायक बन्न पुग्यो।

राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्मा ज्वलन्त रूपमा देखापरेका बहुआयामिक विविधतालाई राष्ट्रिय हित अनुकूल सम्बोधन गर्न सक्ने कौशलता नै कूटनीतिको हो। अर्थात् विदेश मामिलामा के गर्ने भन्ने विषय परराष्ट्र नीति हो भने कसरी गर्ने भन्ने कौशलता, प्रक्रिया र पद्धति कूटनीति हो।

अल्फ्रेड थायर महनले 'सी पावर' सिद्धान्त प्रस्तुत गरे। उनका अनुसार अबको दुनियाँमा सामुद्रिक शक्ति विश्वको शासनको प्रमुख केन्द्रबिन्दु बन्न सक्ने धारणा राखे। यो सिद्धान्तलाई जापान, अमेरिका, बेलायतजस्ता मुलुकले आफ्नो रणनीतिक योजना बनाउन प्रयोग गरे।

भूराजनीतिका प्रभावलाई बुँदामा हेरौँ।

१) संयुक्त राष्ट्रसंघ, सार्क, असंलग्न आन्दोलन, ब्रिक्स, संघाइ कन्भेन्सन, युरोपेली संघजस्ता संस्थाको जन्म हुनु।

२) विश्वयुद्ध, क्षेत्रीय युद्धहरू, सीमायुद्ध, शीतयुद्ध प्रतिस्पर्धा र प्रतिद्वन्द्विताको सिर्जना हुनु।

३) अमेरिका, रुस, चीन, भारतजस्ता शक्ति राष्ट्रहरू भूराजनीतिक प्रतिस्पर्धामा लागि पर्नु।

४) अन्तर्राष्ट्रिय सम्पदाको रूपमा रहेका तेल, ग्यास र जलका भण्डारहरू, खनिज पदार्थका स्रोतहरू कब्जा गर्नका लागि शक्तिराष्ट्रहरूको बिचमा तीव्र प्रतिस्पर्धा भई विश्व शान्तिमा समेत खलल उत्पन्न हुन सक्ने संकेत देखापर्नु।

५) राष्ट्र विशेषको बढ्दो सैनिक शक्तिको विकास र राजनीतिक प्रभाव आदि।

### कूटनीति

आजको युग सूचना र प्रविधिको विकासका हिसाबले एआईको; श्रम, पुँजी र प्रविधिको; अन्तर्राष्ट्रिय एकीकरणका हिसाबले विश्व व्यापीकरणको युग हो। यस्तै विश्वव्यापीकरणको दुष्प्रभावलाई नियन्त्रण गर्दै राष्ट्रिय विशेषता अनुकूल स्वीकार र प्रयोग गर्ने हिसाबले न्यायिक विश्वव्यापीकरणको युग हो; वैश्विक प्रणालीको युग हो। आर्थिक समृद्धिको हिसाबले ग्लोबल नर्थ र ग्लोबल साउथमा विभाजनको; सैनिक गठबन्धनको सट्टा आर्थिक गठबन्धनको; गुप्त र टु-ट्र्याक डिप्लोमेसी (कूटनीति)को सट्टा खुला र थ्री ट्र्याक डिप्लोमेसीको युग हो।

यसरी राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्मा ज्वलन्त रूपमा देखापरेका बहुआयामिक विविधतालाई राष्ट्रिय हित अनुकूल सम्बोधन गर्न सक्ने कौशलता नै कूटनीतिको हो। अर्थात् विदेश मामिलामा के गर्ने भन्ने विषय परराष्ट्र नीति हो भने कसरी गर्ने भन्ने कौशलता, प्रक्रिया र पद्धति कूटनीति हो। जसमा अन्तर्राष्ट्रिय सम्बन्धलाई सफल व्यवस्थापन गर्न सक्ने व्यावसायिकता, कला र प्रक्रिया समेटिएको हुन्छ। यसको मूल उद्देश्य मुलुकको हित आपूर्ति गर्नु हो। जसअन्तर्गत शान्ति सुरक्षा, अर्थ-व्यवस्था, व्यापार, विकास निर्माण, ऋण, सहयोग र अनुदान, पारवहनजस्ता अन्तर्राष्ट्रिय महत्त्वका सवाल पर्छन्।

यसर्थ परराष्ट्र नीति सिद्धान्त हो भने कूटनीति त्यसको कार्यान्वयन वा व्यवहार हो। परराष्ट्र र कूटनीति एउटा सिक्काका दुईवटा पाटा हुन्। कूटनीतिको अवधारणा राज्य जतिकै पुरानो भए पनि 'डिप्लोमेसी' शब्दको प्रयोग सर्वप्रथम बेलायतका राजतीनिज्ञ तथा कूटनीतिज्ञ एडमन्ड वर्कले युरोपमा गरेका थिए। कूटनीतिको सिद्धान्तका रूपमा रहेको परराष्ट्र नीति हरेक मुलुक अन्तर्राष्ट्रिय जीवनमा प्रवेश गर्ने एउटा माध्यम हो।

पूर्वीय जगत्मा कूटनीतिका पिता मानिने चाणक्यले साम, दाम, दण्ड, भेदको सिद्धान्त प्रतिपादन गरेका थिए। हिन्दु धर्मशास्त्र अनुसार अग्निलाई प्रथम दूत र महर्षि नारदलाई सफल दूत मानिन्छ। महाभारतको उद्योग पर्वमा भनिएको छ– साहसी, प्रस्टवक्ता, मृदुभाषी, दयालु, विपक्षीलाई आफ्नो धारणामा सहमत गराउन सक्ने, अरुको कुरालाई ध्यानपूर्वक सुन्न सक्ने र चतुर जस्ता गुणहरू दूतमा हुनुपर्छ।

कूटनीतिक प्रयोजनका लागि सम्बन्धित देशमा राजदूत पठाउने प्रचलन १४औँ शताब्दीमा इटालीको भेनिसबाट सुरु भएको हो। नेपालमा पृथ्वीनारायण शाहको पालामा खोलिएको जैसीकोठालाई पहिलो संगठित वैदेशिक मामिला हेर्ने अड्डा मानिन्छ। यसमा भानु जैसीलाई नियुक्त गरिएको थियो। आधुनिक कूटनीतिको संस्थागत कार्यान्वयन सन् १९६१ मा सम्पन्न भएको भियना महासन्धिलाई मानिन्छ। यस महासन्धिमा ८१ वटा राष्ट्रले हस्ताक्षर गरेका थिए। सन् १९६४ मा २२ राष्ट्रले अनुमोदन गरी कार्यान्वयनमा ल्याएका थिए।

आधुनिक कूटनीतिअन्तर्गत लोकतान्त्रिक सम्मेलन, वाणिज्य, प्रचार, सैन्य र सम्पूर्ण कूटनीतिजस्ता विषय पर्छन्। यसरी भूराजनीतिको विश्व परिवेश र सन्दर्भमा भूकूटनीति पनि सँगै जोडिएर आउँछ। यसर्थ भौगोलिक अवस्थिति, प्राकृतिक स्रोत, जनसांख्यिकीय विशेषता तथा भूराजनीतिक शक्ति सन्तुलनजस्ता सवालसँग राष्ट्रिय हितलाई केन्द्रमा राखी कौशलतापूर्ण ढंगले व्यवस्थापन गर्ने कला, प्रक्रिया र पद्धति नै भूकूटनीति हो। जसले वैश्विक स्तरको कूटनीतिलाई जनाउँछ। जुन अन्तर्राष्ट्रिय सम्बन्धको अभिन्न अंग हो। किनकि आर्थिक, सैन्य र राजनीतिक शक्ति सन्तुलन भू-कूटनीतिक नीतिमा निर्भर गर्छ।

> नेपालको भूराजनतिक स्थिति विश्वका दुई शक्ति राष्ट्रहरू चीन र भारतको बिचमा रहनु आफैँमा एउटा अवसर हो। अमेरिका, फ्रान्स र बेलायतजस्ता मुलुकसँग सबभन्दा पहिले दौत्य सम्बन्ध कायम हुनु पनि एउटा सम्भावना बोकेको अवसर थियो। डा. भेषबहादुर थापा, यदुनाथ खनालजस्ता कूटनीतिज्ञहरूको भूमिका नेपालको कूटनीतिक इतिहासमा गौरव गर्न लायक पनि छ। तर पछिल्लो समयमा नेपालको भूराजनिक स्थिति सरकारको परराष्ट्र नीति र विज्ञता बेगरका दलका कार्यकर्ता र नेताका प्रियपात्रहरू राजदूत नियुक्ति हुने प्रवृत्तिले यदाकदा अभिशाप जस्तो बन्ने गरेको छ।

### जियोइकोनमिक्स

'जियोइकोनमिक्स' (भूअर्थशास्त्र) शब्दको प्रयोग सर्वप्रथम सन् १९९० को दशकमा प्रसिद्ध अमेरिकी कूटनीतिज्ञ इडवार्ड एन लुटवकले आफ्नो एक लेखमा प्रयोग गरेका थिए। अन्तर्राष्ट्रिय व्यापारसँग सम्बन्धित आर्थिक र भौगोलिक तत्त्वको संयोजन नै 'जियोइकोनमिक्स' हो। जसअन्तर्गत आर्थिक तथा साधन-स्रोतको स्थानिक, कालिक र राजनीतिक पक्षको अध्ययन गरिन्छ। अर्थात् भूआर्थिक भन्नाले भूगोल, अर्थशास्त्र र राजनीतिक शक्तिलाई आर्थिक नीतिहरूसँग जोडेर गरिने अन्तर्राष्ट्रिय अध्ययनको एउटा महत्त्वपूर्ण क्षेत्र हो। सारमा भूगोल र अर्थशास्त्रको संयोजन नै ' जियोइकोनमिक्स' हो।

यो अवधारणामार्फत मुलुकले आर्थिक नीति, व्यापार लगानी तथा प्राविधिक प्रभावमार्फत प्रतिस्पर्धा गर्छन्। व्यापार नीति, भूरणनीतिक लगानी, मुद्रा र विनिमय नीति, पुँजी नीति तथा प्रविधि र नवप्रवर्तनको प्रयोगद्वारा युद्धविना शक्तिको विस्तार गर्छन्। 'जियोइकोनमिक्स'को प्रयोग ब्रिटिस साम्राज्यले फैलाएको विश्वव्यापी आर्थिक प्रभुत्व, शीतयुद्ध, मार्सल प्लान, बीआरआई र आईपीएसजस्ता परियोजनामार्फत भएको पाइन्छ।

समकालीन विश्वमा यसको प्रभाव विभिन्न क्षेत्रमा देख्न सकिन्छ – चीन र अमेरिकाबिच तय भएका व्यापार कर र प्रविधिको प्रतिस्पर्धा, रुस-युक्रेन युद्ध, दक्षिण चीन समुद्रको विवाद, भारतको आत्मनिर्भर अभियान, मेड इन् फस्ट अमेरिका, सन् २०१५ मा चीनले घोषणा गरेको 'मेड इन चाइना' अभियान इत्यादिमा। यसरी समकालीन वैश्विक प्रणाली अन्तर्गत भूराजनीति, भूकूटनीति र भू-अर्थशास्त्रको बिचमा अन्तर्क्रियात्मक अन्तर्सम्बन्ध रहेको पाइन्छ।

कुनै पनि मुलुकले वर्तमान विश्व प्रणालीभित्र सार्थक भूमिका निर्वाह गर्नका लागि भूराजनीति, कूटनीति र आर्थिक पक्षसँग सन्तुलन कायम गर्नुपर्छ। भूगोल परिवर्तन हुँदैन। तर समग्र आर्थिक नीति, राजनीति र कूटनीति परिवर्तनशील हुन्छ। जसमा कुशल राजनीतिबाट सञ्चालित कौशलतापूर्ण कूटनीतिले बहुआयामिक र बहुपक्षीय सन्तुलन कायम गर्नुपर्छ। भूराजनीति एक प्रकारको शक्तिको खेल हो। जुन भूगोल, राजनीतिक शक्ति र अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित हुन्छ।

द्वन्द्व समाधान गर्ने र अन्तर्राष्ट्रिय सम्बन्ध सुधार गर्ने माध्यम हो कूटनीति। भूअर्थशास्त्र अन्तर्राष्ट्रिय सम्बन्धलाई आर्थिक दृष्टिकोणबाट हेर्ने र अधिकतम आर्थिक लाभ लिने सिद्धान्त हो। यो अन्तर्राष्ट्रिय व्यापार, लगानी र आर्थिक साझेदारीसँग सम्बन्धित हुन्छ। पछिल्लो दशकमा आर्थिक प्रतिस्पर्धाले डिजिटल शीतयुद्धको स्वरूप ग्रहण गर्दै छ। यसरी यिनीहरूको बिचमा परस्पर निर्भरशील र जटिल अन्तर्सम्बन्ध रहेको हुन्छ। जसले अन्तर्राष्ट्रिय सम्बन्धमा गतिशील आकार दिएको हुन्छ, जसरी एउटा त्रिभुज निर्माण हुनका लागि तीनवटा सिधा रेखाको समान महत्त्व र भूमिका हुने गर्दछ।

नेपालको भूराजनतिक स्थिति विश्वका दुई शक्ति राष्ट्रहरू चीन र भारतको बिचमा रहनु आफैँमा एउटा अवसर हो। अमेरिका, फ्रान्स र बेलायतजस्ता मुलुकसँग सबभन्दा पहिले दौत्य सम्बन्ध कायम हुनु पनि एउटा सम्भावना बोकेको अवसर थियो। डा. भेषबहादुर थापा, यदुनाथ खनालजस्ता कूटनीतिज्ञहरूको भूमिका नेपालको कूटनीतिक इतिहासमा गौरव गर्न लायक पनि छ। तर पछिल्लो समयमा नेपालको भूराजनिक स्थिति सरकारको परराष्ट्र नीति र विज्ञता बेगरका दलका कार्यकर्ता र नेताका प्रियपात्रहरू राजदूत नियुक्ति हुने प्रवृत्तिले यदाकदा अभिशाप जस्तो बन्ने गरेको छ।

मुलुकको भूराजनीति, भूरणनीति तथा भूआर्थिक स्थिति कमजोर बन्दै जानुमा केही कारण देखिन्छन्। जस्तो : बीआरआई र आईपीएसजस्ता परियोजना लामो समय गिजोलिनुका साथै कार्यान्वयन अनिश्चित बन्दै जानु; भूपरिवेष्ठित मुलुकको अधिकार प्राप्त गर्न नसक्नु; भारतसँगको कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायतका सिमा विवाद सुल्झाउन नसक्नु; नेपाल र भारतबिचको सन् १९५० को सन्धि पुनरवलोन गर्ने भन्ने विषयले महत्त्व नपाउनु; दल र तिनका नेताले चिनियाँ, भारतीय वा अमेरिकी लबी भएको ट्याग भिर्नु; चीनसँगको हुम्ला क्षेत्रको सीमा विवाद यथावत रहनु; चीनसँग हालसम्म श्रम बजारको सम्झौता हुन नसक्नु; लगानी सम्मेलनहरू डिनर मिटिङमा मात्र परिणत हुनु; महँगो ब्याजदरमा अन्तर्राष्ट्रिय ऋण लिनुपर्ने अवस्था सिर्जना हुनु; अनुदान र सहायता क्रमशः घट्दै जानु; छिमेकी राष्ट्रले प्रधानमन्त्रीलाई भ्रमणमा बोलाएन भनेर कोकोहोलो मचाउनु आदि।रातोपाटी

# वन पैदावार उपयोग नहुँदा बढ्दै डढेलोको जोखिम

हरिप्रसाद बास्तोला

हिउँदे वर्षाको कमी, बढ्दो तापक्रम र वन पैदावारमा आधारित उद्यम सञ्चालन हुन नसक्दा मुलुकमा वन डढेलोको जोखिम बढ्दै गएको छ। वन क्षेत्रमा रहेका ज्वलनशील पदार्थ उपयोग नहुँदा डढेलोको जोखिम बढेको हो।

वन क्षेत्रको घाँस, दाउरा, काठलगायत वन पैदावार उपयोग नहुनु र चरिचरणको अभावमा जङ्गलमा पातपतिङ्गर तथा झाडी थुप्रिँदै जाँदा वन डढेलोको जोखिम प्रत्येक वर्ष बढ्दै गएको छ। डढेलोले वन्यजन्तु, बोटबिरुवा, वनस्पति, जडीबुटी र काठ दाउरासहित जैविक तथा पर्यावरणीय क्षति बढ्दै गएको छ।

सरकारी पक्षको उदासिनता, कानुनी अस्पष्टता, जलवायु परिवर्तन, परम्परागत ज्ञान प्रयोगमा कमी जस्ता कारणले मुलुकमा वन डढेको प्रकोप निरन्तररुपमा बढ्दै गएको हो। वन डढेलोको मुख्य कारण मानवीय लापरबाही नै हो। वन क्षेत्रमा खनिएका सडकका यात्रीले प्रयोग गरेका प्रज्वलनशील पदार्थ, चुरोट बिँडी खाएर फालेका ठुटा, स्थानीय बासिन्दाले निजी जग्गामा पोलिएका सोत्तरका कारण सल्किएको सानो झिल्कोले सिङ्गो वन, जङ्गली जनावर एवं चराचुरुङ्गीको बासस्थान नष्ट हुनुका साथै मानवबस्तीसमेत सखाव भएका घटना घटने गरेका छन्।

लामो समय वर्षाको अभावका कारण जोखिमयुक्त सिजन नआउँदै देशका विभिन्न क्षेत्रमा डढेलो लागेको खबर आउन थालिसकेका छन्। यस वर्ष हिमाल पारिको जिल्ला मनाङमा माघको अन्तिम हप्तामासमेत जङ्गलमा आगो लागेको घटनाले थप चुनौती उत्पन्न भएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत पर्ने सो क्षेत्रमा सल्लाको काठ, पातपतिङ्गरले गर्दा आगो नियन्त्रण गर्न चुनौती भएको थियो। सुक्खायाम र हावाहुरी चल्ने मौसमले गर्दा पनि आगो बढेको हो। डढेलोले वनआलु, लौठसल्ला, जटामसी, पाँचऔँले, गुची च्याउलगायत जडीबुटीजस्ता खाद्यान्न तथा बहुमूल्य जडीबुटी सङ्कटमा पर्दै गएका छन्।

अघिल्लो वर्ष कास्कीको अन्नपूर्ण गाउँपालिकामा एक जनाको आगो नियन्त्रणका क्रममा ज्यान गएको थियो। जङ्गलमा फैलिएको आगोबाट बास जोगाउन खोज्दा ज्येष्ठ नागरिकको श्वास रहेन। कास्कीमा वनमा आगो लगाउने एक जनालाई डिभिजन वन कार्यालय र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत तीन जनालाई पक्राउ गरी धरौटीमा छोडिएको थियो। प्रत्येक वर्ष खर्बौं रुपैयाँ बराबरका काठ, काठजन्य सामग्री, आल्मोनियम, फलाम र युपिभिसीजस्ता सामानको आयात वृद्धि हुनु र मुलुकको वन पैदावार कुहिएर र सडेर खेर जानुका साथै वन क्षेत्रमा झाडी बढ्दा सुक्खा मौसममा आगलागीको जोखिम बढ्दै गएको छ। वन डढेलोका कारण वातावरणीय र मानव स्वास्थ्यमा जटिल समस्या सिर्जना भएको विगतले देखाएको छ।

मुलुक सङ्घीय संरचनामा गएसँगै गठित प्रदेश सरकारले सामुदायिक वन समूहलाई थोपारेको करले उपभोक्तामा वनको संरक्षणप्रति दिनप्रतिदिन नैराश्यता बढ्दै जानु, जङ्गली जनावरले उठिबास गराउँदा ग्रामीण क्षेत्रमा कृषिलगायत विभिन्न व्यवसाय गरेर जीविकोपार्जन गर्ने स्थानीय बासिन्दा पछिल्लो समय गाउँ छोड्न बाध्य भएका छन्। सगरमाथा, बुद्धजन्म भूमि र पछिल्लो समय नेपाल विश्वसामु सामुदायिक वनको देशका रुपमा परिचित भएको छ। उपभोक्ताको पहलमा संरक्षण, सम्वर्द्धन र विकासमा महत्वपूर्ण भूमिका रहे पनि त्यसबाट स्थानीय र राज्यले कुनै पनि उपलब्धि हासिल गर्न नसक्दा बेल पाकेर कागलाई हर्षन विस्मात जस्तै भएको छ।



वन तथा भू-संरक्षण विभागका अनुसार विसं २०७० वैशाखदेखि २०७९ चैतसम्म १८ हजार सात सय ९१ वटा आगलागी तथा वन डढेलोका घटना घटेका थिए। त्यस अवधिमा आगो नियन्त्रणमा परी सात सय ६९ को ज्यान जानुका साथै दुई हजार पाँच सय ६८ जना घाइते भएका छन्। सो अवधिमा २२ अर्ब २३ करोडभन्दा बढीको क्षति भएको तथ्याङ्कमा उल्लेख छ। तथ्याङ्कअनुसार भू-उपग्रहबाट 'रेकर्ड' गरिएको विवरणअनुसार २०८० साल मङ्सिरदेखि चैत १३ गतेसम्म देशभर एक हजार १९६ स्थानमा डढेलो लागेको थियो। डढेलो लागेको जङ्गलमध्ये डिभिजन वन कार्यालयअन्तर्गत रहेका आठ सय आठ र संरक्षित क्षेत्रअन्तर्गतका तीन सय ८८ वटा थियो।

संरक्षित क्षेत्रतर्फ सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्ज र सीमावर्ती क्षेत्रमा एक सय १३ र सबैभन्दा कम रारा राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रको तीन स्थानमा मात्र वनडढेलो लागेको थियो। त्यसैगरी बागमती प्रदेशमा दुई सय ७८ स्थान सबैभन्दा बढी र लुम्बिनी प्रदेशमा सबै भन्दा कम ४१ स्थानमा डढेलो लागेको विभागले जनाएको छ।

वन तथा भूसंरक्षण विभागका अनुसार नेपालमा बर्सेनि दुई लाख हेक्टरभन्दाबढी वन क्षेत्रमा डढेलो लाग्दा वार्षिक दुई अर्ब रुपैयाँभन्दा बढीको प्रत्यक्ष क्षति हुने गरेको अनुमान छ। विशेष गरी नेपालमा ८० प्रतिशत भन्दाबढी डढेलो फागुनदेखि वैशाखसम्म लाग्ने गरेको छ। लामो खडेरी, हावाहुरी र अत्यधिक गर्मीका कारण उक्त अवधिमा डढेलोको जोखिम बढ्ने गरेको यस क्षेत्रका विज्ञको भनाइ छ।

वनजङ्गलमा डढेलो लगाउनेलाई कारबाही हुने कानुनी व्यवस्था छ। वन ऐन, २०७६ मा राष्ट्रिय वनमा आगो लगाउने र आगलागी हुने कुनै कार्य गरेमा क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा रु ६० हजार जरिवाना अथवा दुवै सजाय हुनसक्ने व्यवस्था छ। समाजमा आगो लगाउनेको पहिचान गरी सूचना दिनेभन्दा पनि लुकाउने प्रचलन बढी छ। विशेषगरी आगो नियन्त्रणमा भन्दा आगो लग्न नदिन सम्पूर्ण सरोकारवाला सचेत हुनुपर्दछ। वनमा थुप्रिएका पातपतिङ्गर, झाडी, दाउरा, घाँसलगायत वन पैदावारको व्यवस्थापन गर्नु वर्तमानको आवश्यकता हो।

वन पैदावारमा आधारित जैविक मल उत्पादन गर्नेखालका उद्यम, फर्निचर, जडीबुटी प्रशोधनलगायत वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न तीनै तहका सरकार र स्थानीय उपभोक्ताले ध्यान दिनु अपरिहार्य छ। पोखरा महानगरपालिका १८ सराङकोटस्थित ठोट्ने खोला सामुदायिक वन उपभोक्ता समूहले वनको पातपतिङ्गर झाडी सफाइ अधियान सञ्चालन गरेको छ। जसबाट दैनिक २० जनाले रोगजार पाएका छन् भने सङ्कलित वन पैदावारबाट जैविक मल उत्पादन गर्ने तयारीमा समूह जुटेको छ।

समूहले कच्चपदार्थको प्रतिकिलो रु दुईका दरले खरिद गर्दै आएको छ। जुन ठाउँ अहिले खोरिया फाँडेको जस्तो देखिन्छ। एकातिर मल उत्पादन हुने अर्कोतर्फ वनमा डढेलो नलाग्नुका साथै हरित रोजगार सिर्जनामा सहयोग पुग्ने यस्ता गतिविधि सबै वन समूहले अनुशरण गर्नुपर्ने आवश्यक छ। जसबाट वनडढेलो घटनुका साथै हरित रोजगार सिर्जनामा सहयोग पुग्दछ। मुलुकको समृद्धिमा टेवा पुग्दछ। आगलागी भइहालेमा 'फायर फाइटिङ' उपकरण तथा दमकललाई चुस्तदुरुस्त राख्नुपर्दछ। स्थानीय वन समूहले पनि डढेलोको मुख्य 'सिजन' तीन महिनाका लागि बढी निगरानी गर्नुपर्दछ। जसमा घर लौरो तथा कोषको रकम लगानी गरेर 'हेरालो'को व्यवस्था गर्न सकेमात्र वनजङ्गल जोगाउन सकिन्छ।

वन क्षेत्रमा अग्निरेखा (फायर लाइन) निर्माण गर्नु अपरिहार्य छ। जसबाट आगो नियन्त्रणको पहिलो प्राथमिकता हो। वन डढेलोविरुद्ध सचेतीकरणतर्फ विपद् व्यवस्थापनमा आबद्ध तीनै तहका सुरक्षा निकाय, स्थानीय बासिन्दासँगै अत्यधिक सुविधायुक्त प्रविधिको उपयोगमा जोड दिनुपर्दछ।रासस

# सुशासन र समतामूलक समाज निर्माणमा तदारूकता आवश्यक छ : राष्ट्रपति पौडेल



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकमा दिगो शान्ति, सुशासन, सामाजिक न्याय, समतामूलक समाज निर्माण एवं विकास र समृद्धिको संवैधानिक उदेश्य प्राप्त गर्न सकिने हुँदा त्यसतर्फ नेपाल सरकारको तदारूकता आवश्यक भएको बताउनुभएको छ ।

नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन बुझ्दै राष्ट्रपति पौडेलले उपलब्ध स्रोतसाधन परिचालन गरी राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयनबाट मात्र मुलुकमा दिगो शान्ति, सुशासन, सामाजिक न्याय, समतामूलक समाज निर्माण एवं विकास र समृद्धिको संवैधानिक उद्देश्य प्राप्त हुने बताउनुभयो । राष्ट्रपति पौडेलले नेपालको संविधानको मूलभूत मर्म र भावना एवं राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वसम्बन्धी संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्दै जानुपर्ने उल्लेख गर्नुभयो । उहाँले आगामी दिनमा नेपालको संविधानको मर्म र भावनाबमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअनुसारका काम कारबाही क्रमिक र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नेपाल सरकार अझ सक्रिय तथा क्रियाशील रहने विश्वास लिएको बताउनुभयो ।

सो अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रपति पौडेलसमक्ष नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।रासस

# कानुन, न्याय तथा मानवअधिकार समितिमा विवाह गर्ने उमेरबारे बहस

समितिका सदस्य नागिना यादवले कानुनले विवाहको उमेर २० वर्ष भने पनि सामाजमा व्यावहारिक अभ्यासका रुपमा कतिपयको त्यसअघि भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "उमेरमा विवाह गर्न पाउनुपर्ने स्वतन्त्रता र अधिकार हो । हालको उमेरको हद अव्यावहारिक भयो, यो व्यावहारिक हुनुपर्छ । नागरिकताको प्रमाणपत्र प्राप्ति १६ वर्षमा, प्रहरीजस्तो जोखिम व्यहोर्नुपर्ने सङ्गठनमा भर्ना १८ वर्षमा हुन्छ भने विवाह किन हुन्न । विवाहको उमेर १८ वर्ष गरिनै पर्छ ।"

काठमाण्डु । प्रतिनिधिसभा, न्याय, कानुन तथा मानव अधिकार समितिमा विवाहसम्बन्धी २० वर्ष उमेर पुग्नुपर्ने भन्ने हालको प्रावधान संशोधन गरिनुपर्ने माग उठेको छ ।समितिको आइतबारको बैठकमा सांसदहरु नागिना यादव, रञ्जुकुमारी झा, पूर्णबहादुर घर्तीलगायतले विवाहसम्बन्धी हालको व्यवस्था व्यावहारिक नभएको उल्लेख गर्दै त्यसलाई संशोधन गरी १८ वर्ष कायम राख्न उपयुक्त हुने सुझाव दिनुभयो ।



समितिका सदस्य नागिना यादवले कानुनले विवाहको उमेर २० वर्ष भने पनि सामाजमा व्यावहारिक अभ्यासका रुपमा कतिपयको त्यसअघि भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "उमेरमा विवाह गर्न पाउनुपर्ने स्वतन्त्रता र अधिकार हो । हालको उमेरको हद अव्यावहारिक भयो, यो व्यावहारिक हुनुपर्छ । नागरिकताको प्रमाणपत्र प्राप्ति १६ वर्षमा, प्रहरीजस्तो जोखिम व्यहोर्नुपर्ने सङ्गठनमा भर्ना १८ वर्षमा हुन्छ भने विवाह किन हुन्न । विवाहको उमेर १८ वर्ष गरिनै पर्छ ।"

विवाहसम्बन्धी उमेर घटाइनुपर्छ भन्ने कुनै सांसद र संसद्को माग नभई समाजबाट उठाइएको विषय भएको उल्लेख गर्दै सदस्य यादवले भन्नुभयो, "१८ वर्ष पुगेका युवायुवतीबीचको प्रेम सम्बन्धबाट जन्मिएका सन्तानको जन्मदर्तालगायतमा समस्या परिरहेको छ, यसैकारण ठूलै स¥ु्या युवा जेलमा पुगिरहेका छन् । अन्तरराष्ट्रिय अभ्यास पनि १८ वर्ष नै देखिन्छ । "

अर्का सदस्य रञ्जुकुमारी झाले देश विकासमा लाग्नुपर्ने युवाको ठूलो स¥ु्या लागुऔषध र जबर्जस्तीकरणीको मुद्दामा कारागारमा रहेको अनुगमनबाट देखिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विवाहसम्बन्धी २० वर्षे यो प्रावधान व्यावहारिक र समाजमैत्री हुनुपर्छ । यस विषयमा गहन र खुला छलफल गरी कानुन बनाउनुपर्छ । यो समिति र सांसदको भनाइ नभई समाजको आवाज हो ।"समितिका सदस्य ध्रुवबहादुर प्रधानले सजाय दिएर वा सुधार केन्द्रमा राखेर मात्र कतिपय समस्या समाधान हुन नसक्ने तर्क प्रस्तुत गर्दै विवाहको उमेरसम्बन्धी जोडिएर आएको प्रश्नबारे पुनःविचार गर्नुपर्ने बताउनुभयो ।

अर्का सदस्य सुशीला थिङले युवाहरु जेल जानमा विवाह हो कि कानुन दोषी हो भनी प्रश्न गर्दै कानुनमा व्यवस्था भए पनि त्यस्तो विवाहपछि जन्मिएका सन्तान जन्मदर्ता गर्नबाट बञ्चित हुन परिरहेको घटना सुनाउनुभयो ।सदस्य रामकुमार राईले राज्यका हरेक क्षेत्रमा भर्ना हुन १८ वर्षको उमेरलाई आधार मानिएपछि विवाहका लागि २० वर्ष कायम गर्न आवश्यक नरहेको तर्क गर्नुभयो ।सांसद पूर्णबहादुर घर्तीले विवाहसम्बन्धी हालको प्रावधान नेपाली समाज, शिक्षाको अवस्था र समाजलाई बुझ्न नसकेको परिस्थितिबाट आएको हुनुपर्ने अनुमान गर्नुभयो ।

सदस्य जीवन परियारले विवाहसम्बन्धी हालको प्रावधानको दुरुपयोग गर्दै कतिपयले अन्तरजातीय विवाहलाई अस्वीकार गर्दै अपहरण, जबर्जस्तीकरणी र शरीर बन्दजस्ता मुद्दामा युवालाई दुःख दिने काम भएको बताउनुभयो ।

सांसदहरुले उठाएको प्रश्नको जवाफमा बैठकमा गृहमन्त्री रमेश लेखकले बालविवाहसम्बन्धी ऐन संशोधनका क्रममा रहेकाले विवाहको उमेरसम्बन्धी प्रवधान सुधार गरी जान सकिने बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "यो विषय अत्यन्त गम्भीरताकासाथ सोच्न आवश्यक छ । यसको रोमियो एण्ड जुलियट विचारधारा पनि छ । उमेर घटनाउने कि रोमियो अवधारणा कार्यान्वयनका लागि ऐन संशोधन गर्ने भन्ने कोणबाट छलफल गर्न सकिन्छ । यसमा छलफलका लागि सरकार खुला छ ।"कानुनमन्त्री अजयकुमार चौरसियाले विवाहसम्बन्धी उमेर र त्यसको उल्लङ्घन गरेको गरिने दण्डसजायसम्बन्धी नयाँ प्रावधान समेटिएको केही समयभित्र संसद्मा विधेयक प्रस्तुत हुने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "विवाहको उमेरका सम्बन्धमा विभिन्न भनाइ आएका छन्, हालको व्यवस्था प्रजनन अधिकार र मातृस्वास्थ्यसँग जोडिएको छ । सरकार विभिन्न कोणबाट उठेको सबै आवाजकाबारे छलफल गर्न तयार छ ।"नेपाल प्रहरीका महानिरीक्षक दीपक थापाले मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न, सुरक्षा निकायका भौतिक पूर्वाधार निर्माणलाई तीव्रता दिन र थुनामा रहेका नागरिकलाई मानव अधिकारको प्रत्याभूति दिलाउन प्रतिबद्ध रहेको बताउनुभयो ।रासस

## विकासको गतिमा देश अगाडि बढेको छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले समय परिवर्तन हुँदै विकासको गतिमा देश अगाडि बढेको बताउनुभएको छ ।

राष्ट्रिय युवा सङ्घ नेपालले आइतबार आयोजना गरेको 'टुगेदर फर टुमरो : युथ एण्ड द प्राइमिनिस्टर' कार्यक्रममा प्रधानमन्त्री ओलीले भन्नुभयो, "समस्या छन्, तिनको कारण छ र समाधान पनि छ भन्दै त्यसतर्फ सरकारले काम अगाडि बढाएको छ ।" उहाँले आफूले नै डिजिटल नेपालको नारा दिएको र त्यसले प्रविधिको क्षेत्रमा ठूलो परिवर्तन ल्याएको बताउनुभयो ।

"हामीले थुप्रै मेडिकल कलेज बनायौँ, प्रत्येक पालिकामा आधारभूत तहका अस्पताल बनाउने भनेर अगाडि बढायौँ । कतिपय बनिसकेका छन् भने कति तयार हुने क्रममा छन् । त्यसले नेपालको स्वास्थ्य क्षेत्रमा ठूलो परिवर्तन ल्याउने छ । सरकार शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर अगाडि बढेको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हाम्रा छोरीहरुले विशेषज्ञ चिकित्सको सपना देख्नुभएको छ, त्यो बन्ने प्रतिक्षामा हुनुहुन्छ, कतिले अहिले विशेषज्ञ भएर सेवा गरिरहनुभएको छ, यो अहिलेको समयको उपलब्धि हो ।"

प्रधानमन्त्री ओलीले उद्यमशीलताबाट मात्रै रोजगारीका अवसर सिर्जना तथा कृषिको आधुनिकीकरणबाट मात्रै उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने भएकाले त्यसमा लाग्न आग्रह गर्नुभयो । "हामी भावनात्मक ढङ्गले चल्नु हुँदैन, अहिले जति पनि समस्या छन्, ती विकासको गतिसँगै आएका हुन् । त्यसलाई व्यवस्थित गरी हामी अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो । रासस

# जनता उज्यालोबाट अन्धकारतर्फ जान सक्दैनन्ः महासचिव पोखरेल

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले अब नेपाली जनता उज्यालोबाट अन्धकारतर्फ जान नसक्ने बताउनुभएको छ ।



प्रेस चौतारी नेपालको १०औँ राष्ट्रिय अधिवेशनको आइतबार विराटनगरमा उद्घाटन गर्दै उहाँले जनतामा देखिएको निरासालाई चिर्ने उद्देश्यका साथ गठित मुलुकका दुई ठूला राजनीतिक दल सम्मिलित वर्तमान सरकारले देश र जनताका पक्षमा काम गरिरहेको बताउनुभयो ।

राजनीतिक स्थिरताका लागि दुई ठूला दल मिलेर वर्तमान सरकार बनेको स्पष्ट गर्दै महासचिव पोखरेलले भन्नुभयो, "जब मुलुकमा समस्या आउँछ तब नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार बन्ने गर्दछ । यसरी बनेको शक्तिशाली सरकारले समस्याको समाधानसहित देशलाई राजनीतिक निकास दिन्छ ।"

एक अर्को प्रसङ्गमा उहाँले एकदलीय पञ्चायति शासनकालमा नेपाली जनताको नैसर्गिक अधिकार हनन भएको तथा आधारभूत आवश्यकताबाट आमजनता वञ्चित हुनुपरेको दृष्टान्त प्रस्तुत गर्दै लोकतन्त्रको स्थापनापछि शिक्षा, स्वास्थ्य, सडक, खानेपानीलगायतका आधारभूत आवश्यकता पूरा भई देश विकास निर्माणको बाटोमा अघि बढेको स्पष्ट गर्नुभयो ।

हल्लाका पछि लाग्नुभन्दा सत्यतथ्यका आधारमा समाचार सम्प्रेषण गरी आम जनतालाई सुसूचित गर्न सञ्चारकर्मीको ध्यानाकर्षण गर्दै उहाँले भन्नुभयो, "पञ्चायती व्यवस्था मुलुकको लागि अन्धकार व्यवस्था थियो, जहाँ साक्षरता प्रतिशत कम थियो, बिजुली उत्पादन हुन सकेको थिएन, नागरिकको प्रतिव्यक्ति आम्दानी कम थियो र खानेपानी सुविधाबाट जनता बञ्चित थिए ।"

महासचिव पोखरेलले नेपाललाई राम्रो भएको देख्न नचाहने समूहकै कारण मुलुकमा राजनीतिक अस्थिरता सिर्जना हुनेगरेको उल्लेख गर्दै जनता सचेत भइसकेको अहिलको अवस्थामा भ्रम सिर्जना गरेर कसैलाई पनि गुमराहमा राख्न नसकिने धारणा व्यक्त गर्नुभयो ।

महासचिव पोखरेलले भन्नुभयो, "लोकतान्त्रिक शासन व्यवस्थामा सञ्चारमाध्यममा अङ्कुश लाग्दैन, लाग्नुहुँदैन, तर लोकतन्त्रको नाममा जथाभावी गर्ने छुट भने दिन सकिँदैन ।" उहाँले सार्वभौम जनताबाट घोषित लोकतन्त्र कसैलेपनि मास्न नसकिने बताउँदै लोकतन्त्र दुर्घटनामा पऱ्यो भने आमनागरिकले दुःख पाउने भएकाले त्यसतर्फ हामी सबै सचेत हुनुपर्दछ भन्नुभयो ।

प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेतको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्साल, प्रेस चौतारी कोशी प्रदेश इञ्चार्ज विक्रम लुइँटेललगायतले बोल्नुभएको थियो ।रासस

# 'सरकारलाई गलत काम गर्ने छुट छैन'

काभ्रेपलाञ्चोक। कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले वर्तमान सरकारले संविधानविपरीत कुनै पनि गलत काम गर्ने छुट नभएको धारणा राख्नुभएको छ ।

काभ्रेपलाञ्चोकको पनौतीमा सक्रिय महिला कृषि सहकारी संस्थाद्वारा स्थापित शीतभण्डारको आज उद्घाटन एवं स्थानीय कृषि उत्पादन प्रदर्शनी कार्यक्रममा उहाँले वर्तमान सरकार जनता केन्द्रित भएर काम गरिरहेकाले संविधानविपरीत गतिविधि नगर्ने विश्वास व्यक्त गर्नुभयो ।



मन्त्री अधिकारीले सरकारले कृषि उत्पादनमा देखिएका कृषि बजारीकरण तथा प्रवर्द्धनलगायत किसानका समस्या योजनाबद्ध रूपमा समाधान गर्दै जाने जनाउनुभयो । उहाँले दुध किसानका समस्या समाधान हुँदै गएका भन्दै अन्य क्षेत्रका सास्या पहिचान गरी समाधान गरिने प्रतिबद्धता जनाउनुभयो ।"म मन्त्री भएर आउँदा दुध किसानको ११ महिनाको पैसा भुक्तानी हुन बाँकी थियो । अहिले छ महिनामा झारेका छौँ, गत हप्ता पनि नौ स्थानमा भुक्तानीका लागि पैसा निकास भइसकेको छ, अब क्रमशः पैसा दिँदै बाँकी समयावधि घटाउँदै जानेछौँ", उहाँले भन्नुभयो ।

मन्त्री अधिकारीले कृषिमा विषादी न्यूनीकरण तथा रासायनिक मल व्यवस्थापनका लागि विशेष कार्यक्रम ल्याउने बताउँदै एकैपटक विषादी प्रयोग बन्द गर्न नमिल्ने भएकाले प्रयोग गर्नै परे सावधानी अपनाउन किसानलाई आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "माटोमा पनि रासायनिक मल प्रयोग घटाउँदै प्राङ्गारिक मलको प्रयोग बढाउँदै जानुहोस्, आगामी वर्ष प्रभावकारी मल व्यवस्थापनका लागि सरकारले अहिलेदेखि नै तयारी सुरु गर्दैछ ।"

आगामी वर्षका लागि मल व्यवस्थापनमा छुट्याएको रु २७ अर्बमध्ये रु २० देखि रु २२ अर्बसम्मको मल खरिद गरेर बाँकी रकमले किसानलाई घरमा प्राङ्गारिक, जैविक र जीवाणु मल उत्पादन गर्न लगाइने मन्त्रालयस्तरमा छलफल भइरहेको अधिकारीले बताउनुभयो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य मधुप्रसाद आचार्यले सरकारले हरेका योजना तथा कार्यक्रम बनाउँदा किसानलाई प्राथमिकता दिइनुपर्नेमा जोड दिनुभयो । उहाँले किसानका पक्षमा देखिएका दुग्धजन्यलगायत कृषि उपजमा देखिएका समस्या समाधान गर्दै जान सरकारलाई सुझाव दिनुभयो ।

सो अवसरमा पाँचखाल नगरपालिका प्रमुख महेश खरेलले खाद्यान्न, दूध तथा तरकारी उत्पादनका लागि प्रख्यात काभ्रेपलाञ्चोकमा किसानका लागि राहतका कार्यक्रम ल्याउन आग्रह गर्नुभयो । रासस

# 'स्रोतको सही सदुपयोग गरी मुलुकको आर्थिक विकासमा लाग्नुपर्छ'

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले स्रोतको सही सदुपयोग गरी मुलुकको आर्थिक विकासमा लाग्नुपर्ने बताउनुभएको छ । शनिबारदेखि सुरु भएको 'प्रथम राष्ट्रिय पानी सम्मेलन-२०८१' को समापन सत्रमा उहाँले मुलुकभित्र भएको स्रोतसाधनको सही सदुपयोग गरी न्यायोचित वितरणमा लाग्नुपर्ने बताउनुभयो ।

मन्त्री खड्काले सबै राजनीतिक दलको साझा धारणा मुलुकलाई जलस्रोतमार्फत समृद्ध बनाउने भएकाले सम्मेलनमा उठेका सुझावलाई सरकारले ग्रहण गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । "सम्मेलनमा हिमनदीको संरक्षण, एकीकृत जलस्रोत व्यवस्थापन, जल सुशासन र जनसहभागिता, अन्तरदेशीय सहकार्य, बृहत् आयोजनाबाट हुनुपर्ने सेवा प्रवाह, जलस्रोतको बहुउपयोग र जलवायु परिवर्तन, कृषि उत्पादकत्व, खानेपानी र सरसफाइ, जलस्रोतको उपयोगका विषयमा गहन छलफल भएको छ । यसलाई मार्गदर्शनका रूपमा स्वीकार्दै कार्यान्वयन गर्न मन्त्रालय लाग्नेछ", उहाँले भन्नुभयो ।

जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव मधुप्रसाद भेटुवालले दुई दिने सम्मेलनले गरेको प्रतिबद्धतालाई आयोगले कार्यान्वयनमा लैजाने बताउनुभयो । उहाँले पानीमार्फत मुलुकमा रोजगारी सिर्जना गर्नका लागि यस्ता सम्मेलनले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।सम्मेलनले नौ बुँदे काठमाडौँ घोषणापत्र जारी गरेको छ ।रासस


मधेश प्रदेश सरकार
मधेश स्वास्थ्य बिज्ञान प्रतिष्ठान
प्रादेशिक अस्पताल
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८१।१२।११

यस प्रतिष्ठान अन्तरगतको प्रादेशिक अस्पतालको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलको ठेक्काको लागि पेश भएका बोलपत्रहरुमध्ये इकाई दररेटमा मुल्याङ्कनबाट तपसिल वमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहरी उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरुको कार्यमा सहभागी सबै बोलपत्रदाताहरुको लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको बोलपत्रदाताको नाम | इकाई दररेटमा सबैभन्दा कम कबोल अंक (VAT बाहेक) | Performance Guarantee |
|---|---|---|---|---|---|
| १ | १८/१०/२०२४ | MIHS/GOODS/NCB/2081-082/02; The procurement of supply of Medical and Surgical equipments | Aaditya International, janakpurdham-2 | 26,22,400 | 8,09,300 |
| २ | | | Mediplus Pharma Distributors, Bharatpur-10, Chitwan | 23,37,960 | 9,59,400 |
| ३ | | | Googlesugical&supplier,janakpurdham-10 | 17,920 | 900 |
| ४ | | | Om Multy City Surgicals, Birgunj-15 | 4,20,371.60 | 1,10,600 |
| ५ | | | Luv Medical Hall, Jaleshwar-4, Mahottari | 1,14,30,000 | 28,65,500 |
| ६ | | | Nikki pharma Distributer, Dharan | 40,93,250 | 5,29,000 |

(अस्पताल निर्देशक)

# भ्लादिमिर पुटिनको रुसले किन युक्रेन अतिक्रमण गर्‍यो?

**बीबीसी**

काठमाण्डु । दुई लाख जति सैनिकहरूलाई युक्रेन जान आदेश दिँदा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको उद्देश्य केही दिनभित्रै राजधानी किएभ कब्जा गर्ने रहेको देखियो।उनले किएभमा रहेको पश्चिमा प्रभावको सरकारलाई सत्ताच्युत गरेर युक्रेनलाई आफ्नो प्रभाव क्षेत्र बनाउन चाहेका थिए। पुटिन त्यसमा असफल भए।



तर तीन वर्षभन्दा बढ्ता समयपछि यतिखेर युक्रेनको पाँच भागको एक भाग रुसी नियन्त्रणमा छ। अनि पछिल्लो समय युक्रेनको सबैभन्दा बलियो साझेदार रहेको अमेरिकाले युद्ध अन्त्यलाई लिएर रुससँग सीधा वार्ता गरिरहेको छ। अमेरिकाको ३० दिने सङ्घर्षविराम प्रस्तावमा युक्रेन सहमत भए पनि रुस राजी हुन बाँकी छ। पुटिनले युक्रेनमा दोस्रो विश्वयुद्ध अन्त्यपछिको सबैभन्दा ठूलो युरोपेली अतिक्रमण गरिरहँदा टेलिभिजनमा उनले एक चर्को भाषण दिँदै आफ्नो लक्ष्य युक्रेनलाई “निःसैन्यीकरण र गैरनाजीकरण“ गर्ने घोषणा गरे।

रुसले बारम्बार इतिहास बङ्ग्याउँदै आधुनिक युक्रेनलाई एउटा नाजी राज्यको उपमा दिने गरेको पाइन्छ।आठ वर्षअघि पुटिनले युक्रेनको क्राइमिया प्रायद्वीपलाई कब्जा गरेका थिए।त्यसअघि एक क्रान्तिले युक्रेनमा रुसपक्षधर राष्ट्रपतिलाई हटाएर त्यहाँ पश्चिमा पक्षधर राष्ट्रप्रमुख ल्याएको थियो।त्यसपछि पुटिनले युक्रेनको पूर्वी डोनबास क्षेत्रमा तल्लो स्तरको युद्ध अघि बढाए।

त्यहाँ उनले रुसपक्षधर छद्म फौज खटाउँदै उक्त भूभाग कब्जा गर्ने र मस्को समर्थित विद्रोही राज्य बनाउने काम गरे।तर सन् २०२२ को अतिक्रमण एउटा भिन्न तहको थियो। पुटिनले हालै ती विद्रोही राज्यलाई स्वतन्त्र घोषणा गरेका छन्। पछि अतिक्रमण सुरु भएपछि उनले त्यहाँ भएका मानिसहरू - जो धेरैजसो रुसी भाषी छन् - लाई किएभको “सत्ता“बाट संरक्षण आवश्यक परेको बताए।त्यसको एक दिनपछि पुटिनले युक्रेनी सेनालाई “सत्ता आफ्नै हातमा लिन“ र सरकार चलाउने “लागुऔषध दुर्व्यसनी र नवनाजीहरूको गिरोह“ लाई लक्षित गर्न आह्वान गरे।

त्यसपछि पुटिनले थपेको अर्को उद्देश्यमा युक्रेनको तटस्थता सुनिश्चित गर्नु थियो।उनले पश्चिमी रक्षात्मक सैन्य गठबन्धन नेटोले युक्रेनमा आफ्नो पाइला राख्न खोजेको आरोप लगाउँदै त्यसरी



पश्चिमा सेनालाई रुसी सीमानजिक ल्याउन खोजेको बताए।यी रुसी नेताले लामो समयदेखि युक्रेनको अस्तित्वको अधिकारमाथि प्रश्न उठाउँदै आएका छन्। उनले सन् १९१७ को कम्युनिस्ट क्रान्तिपछि “आधुनिक युक्रेन पूर्ण रूपमा रुसले सिर्जना गरेको“ दाबी गर्दै आएका छन्।

सन् २०२१ मा एउटा लामो लेखमा उनले नवौँ शताब्दीको अन्त्यतिरको “रुसी र युक्रेनीहरू एकै रहेको“ सुझाएका थिए। गत वर्ष उनले अमेरिकी अन्तर्वार्ता कार्यक्रम प्रस्तोता टकर कार्ल्सनलाई युक्रेन एक “कृत्रिम राज्य“ रहेको बताएका थिए।यी टिप्पणीहरूले धेरैलाई आक्रमणको लक्ष्य खासमा युक्रेन राज्य समाप्त पार्नु रहेको विश्वास दिलाएका छन्।रुसी सरकारी समाचारसंस्था रियाको एक व्याख्यामा “गैरनाजीकरण अनिवार्य रूपमा गैरयुक्रेनीकरण पनि हो“ भनिनुले यसले युक्रेनलाई मेटाउने विचारलाई आक्रमणको घोषित लक्ष्यसँग जोडेको देखिन्छ।

खासमा युक्रेनी संस्कृति र पहिचान शताब्दीयौँदेखि रुसबिनै स्वतन्त्र अस्तित्वमा छ। पुटिनले लामो समयदेखि युक्रेनका निर्वाचित पश्चिमा-पक्षधर राष्ट्रपतिबाट मुक्ति पाउन खोजिरहेका थिए अनि जेलेन्स्की युद्धको सुरुदेखि नै उनको निसानामा परेका थिए।जेलेन्स्कीका सल्लाहकारका अनुसार रुसी फौजले अतिक्रमण गरेलगत्तै राष्ट्रपति कार्यालय परिसरमा धावा बोल्ने दुई वटा प्रयास गरेका थिए।जेलेन्स्की उनीहरूले आफूलाई मार्न खोजेको बताउने गर्छन्।“यी शत्रुले मलाई एक नम्बर निसानामा राखेका छन्; मेरो परिवार निसाना नम्बर दुईमा। उनीहरू राज्यप्रमुखलाई नष्ट गरेर युक्रेनलाई राजनीतिक रूपमा ध्वस्त पार्न चाहन्छन्,“ जेलेन्स्की भन्छन्।

पछि जेलेन्स्कीले बताएअनुसार पुटिनले सुरुमा उनलाई रुस पक्षधर दलका एकजना धनी प्रमुख भिक्टर मेद्भचुकबाट विस्थापित गर्ने प्रयास गरेका थिए। तीन वर्षपछि अझै पनि पुटिन जेलेन्स्कीसँग “उनको वैधताका कारण“ सीधा शान्तिवार्ता गर्न अस्वीकार गर्दै आएका छन्।उक्त गलत भाष्यलाई राष्ट्रपति ट्रम्पले समेत दोहोर्‍याएका थिए।पुटिनले प्रमाणको रूपमा युक्रेनको मार्च २०२४ को राष्ट्रपतीय निर्वाचन स्थगित भएको उल्लेख गरेका छन्। यद्यपि रुसले सुरु गरेको युद्धका कारण युक्रेनमा सैनिक कानुन लागु छ र संविधानतः चुनावहरू प्रतिबन्धित छन्।

पुटिन स्वयं पुनर्निर्वाचित भएको सन् २०२४ को चुनाव त्यहाँ अत्यधिक प्रश्नमाझ छ। रुसका विपक्षी नेताहरू या त निर्वासनमा पठाएर वा मारेर निर्वाचन गराइएको आरोप पुटिनमाथि छ। पुटिनले वर्षौँदेखि नेटोको पूर्वतर्फको विस्तारलाई लिएर असन्तुष्टि जनाउँदै आएका छन्। त्यसलाई उनले सुरक्षा जोखिम भन्दै युक्रेन उक्त सैन्य गठबन्धनमा जोडिने कामलाई एउटा मुख्य 'रेड लाइन' मान्दै आएका छन्।

सन् २०२२ को रुसी अतिक्रमणअघि उनले नेटोले आफूमा सन् १९९७ पछि जोडिएका मध्य र पूर्वी युरोपेली देशमा भएका बहुराष्ट्रिय तैनाथी हटाउनुपर्नेमाग गरेका थिए।तर सन् २००८ मा जोर्जा र पछि सन् २०१४ मा क्राइमिया अतिक्रमण गरेर पूर्वी युरोपमा सैन्य कारबाही गर्ने रुस नै हो। क्राइमिया अतिक्रमणपछि नेटोले रुसनजिकैको आफ्नो पूर्वी छेउमा निरन्तर उपस्थिति कायम गर्दै आएको छ।नेटोको सधैँको जोड गठबन्धनको पूर्ण उद्देश्य “कुनै आक्रामक मनसायबिना“ आफ्नो भूभागको रक्षा गर्नु रहेको पाइन्छ। रुसी खतराका कारण नै स्वीडन र फिनल्यान्ड पछिल्ला दुई वर्षमा नेटोमा सामेल भएका छन्।

युक्रेनको संविधानमै युरोपेली सङ्घ 'ईयू' र नेटोमा सामेल हुने उल्लेख भए तापनि पूर्णआकारको युद्ध सुरु भएपछि यसको कुनै वास्तविक सम्भावना थिएन। जेलेन्स्कीले हमलाको दुई साता हुँदै गर्दा भने, “नेटो युक्रेनलाई स्वीकार गर्न तयार छैन।“उनले त्यसबेलादेखि नै नेटो सदस्यताको बदलामा राजीनामा दिने विचार गर्ने बताउँदै आएका छन्। तर ट्रम्पले किएभले पश्चिमी गठबन्धनमा सामेल हुने कुरा “बिर्सनुपर्छ“ भनी बताउँदै आएका छन्।पुटिनले नेटोलाई युद्धमा सहभागी भएको आरोप लगाएका छन्। नेटो सदस्य देशहरूले युक्रेनमा ट्याङ्क र लडाकु विमान, हवाई रक्षा प्रणाली, क्षेप्यास्त्र प्रणाली, गोलीगट्ठा र ड्रोनहरू सहित सैन्य सामग्री बढ्दो रूपमा पठाइरहेका छन्।

नेटोले युक्रेनलाई सुरक्षा सहयोग र तालिम समेत प्रदान गरे तापनि उक्त सङ्गठनले आफूलाई युद्ध पक्ष नबनाउने कुरामा जोड दिएको छ। नेटोविरुद्धको पुटिनको गुनासो सन् १९९० देखिको हो, जतिखेर पश्चिमले “पूर्वमा एक इन्च पनि विस्तार नगर्ने“ वाचा गरेको उनी दाबी गर्छन्।तर त्यो सोभियत सङ्घको पतन हुनुभन्दा अघिको कुरा थियो र त्यो तत्कालीन सोभियत सङ्घका राष्ट्रपति मिखाइल गोर्बाचोफलाई गरिएको सीमित प्रतिबद्धतामा आधारित थियो।गोर्बाचोफ त्यसबेला “नेटो विस्तारको विषयमा कुनै छलफल नगरिएको“ बताउँछन्। सन् २०२२ मा आक्रमण सुरुवात गर्दा पुटिनले पूर्वी युक्रेनका कब्जा गरिएका भूभागका मानिसहरूलाई आठ वर्षको युक्रेनी “धम्की र नरसंहार“ बाट जोगाउने वाचा गरेका थिए।

सन् २०१४-२०२२ को अवधिमा मोर्चाको दुवैतिर १४,००० भन्दा बढी मानिसहरूको मृत्यु भएको थियो।तर रुसी दाबीअनुसार 'युक्रेनी नाजी'हरूले कब्जा गरेका क्षेत्रहरूमा नरसंहार गरेको कहिल्यै पुष्टि भएको थिएन र कुनै पनि अन्तर्राष्ट्रिय निकायले नरसंहारको बारेमा बोलेको पाइँदैन। जर्मन चान्सलरले यो आरोपलाई “हास्यास्पद“ बताएका छन्।आधुनिक युक्रेनको संसद्मा कुनै पनि अति-दक्षिणपन्थी दलहरू छैनन्। उनीहरू सन् २०१९ को चुनावमा पर्याप्त मत प्राप्त गर्न असफल भए।

त्यसमाथि जेलेन्स्की यहुदी हुन् र उनका धेरै आफन्ताईल दोस्रो विश्वयुद्धमा नाजीहरूले मारेका थिए।पुटिनले जेलेन्स्कीलाई “यहुदी जनताको लागि उपहास“ भन्दै निन्दा गर्छन्।तर अमेरिकी होलोकस्ट मेमोरिअल सङ्ग्रहालयले उनको दाबीलाई सीधै अस्वीकार गर्दै पुटिनले यहुदी नरसंहारसम्बन्धी “होलोकस्ट इतिहासलाई गलत रूपमा प्रस्तुत र दुरुपयोग गरेको“ बताएको छ।पुटिनलाई सन् २०२४ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतले युद्ध अपराधको आरोप लगाए तापनि क्रेम्लिनले त्यसलाई अस्वीकार गरेको छ। युक्रेनलाई आफ्नो प्रभावक्षेत्रबाट बाहिर निस्कनबाट रोक्ने रुसको प्रयास वर्षौँ पुरानो हो।

यसको सुरुवाती आक्रमण सन् २०१४ मा भएको थियो, जतिखेर रुस समर्थक राष्ट्रपति भिक्टर यानुकोभिचलाई महिनौँको व्यापक प्रदर्शनपछि पदच्युत गरिएको थियो।पुटिनको दबावमा यानुकोभिचले युरोपेली सङ्घसँगको सम्झौता त्यागेका थिए। त्यसका कारण सुरु भएको विरोध प्रदर्शन दर्जनौँ प्रदर्शनकारीहरूलाई गोली हानेर हत्या गरी अन्त्य गरियो। लगत्तै यानुकोभिच भागेर रुस पुगे।पुटिनले तत्कालै युक्रेनको क्राइमिया प्रायःद्वीप कब्जा गरे र रुसी प्रतिनिधिहरूले सरकारविरुद्ध हतियार उठाउँदै पूर्वी लुहान्स्क र डोनेट्स्क क्षेत्रका केही भागहरू कब्जा गरे।ती युद्ध रोक्ने दुई प्रयासहरू असफल भए। मिन्स्क सम्झौताको रूपमा चिनिने ती प्रयासका लागि फ्रान्स, जर्मनी र रुस स्वयंले मध्यस्थता गरेका थिए।

तिनले हिंसाको मात्रा घटाए तापनि जेलेन्स्की त्यसलाई रुसका सर्तहरूमा जकडिएको द्वन्द्व सिर्जना गर्ने पासो भन्ने गर्छन्।दुवै पक्षले एकअर्कालाई सम्झौता उल्लङ्घनको आरोप लगाए। क्रेम्लिन असफल सम्झौताहरूले नै मस्कोको पूर्ण आकारको आक्रमणको माहोल तयार पारेको बताउँछ।यसै सन्दर्भमा युक्रेनी नेताले ट्रम्प प्रशासनलाई पुटिनलाई विश्वास नगर्न सजग गराउँदै आएका छन्, “उनले युद्धविराम तोडेका थिए, उनले हाम्रा मानिसहरूलाई मारे।“ तीन वर्षको आक्रमण र प्रत्याक्रमणपछि रुसी र युक्रेनी सेना १,००० किलोमिटरभन्दा लामो सक्रिय अग्रमोर्चामा निर्ममतापूर्वक युद्धरत छन्।

कुनै पनि पक्षले यो युद्ध जित्ने वास्तविक सम्भावना देखिँदैन।सन् २०२२ मा एकखाले नक्कली जनमत सङ्ग्रह गराएर रुसले पूर्वी र दक्षिणी युक्रेनका चार क्षेत्रहरू कब्जा गर्‍यो। तर पनि खासमा मस्को तीमध्येको एक लुहान्स्कमा मात्र पूर्ण नियन्त्रण भएको दाबी गर्न सक्छ।युक्रेनी सेनाले सन् २०२२ मा उत्तर र दक्षिणका केही भागहरू मुक्त गर्न सके तापनि पछिल्ला प्रत्याक्रमणहरूले त्यस्ता सफलता पाएका छैनन्।सन् २०२४ को अगस्टमा हमला सुरु गरेयता अझै पनि युक्रेन रुसी कुर्स्क क्षेत्रको सानो भाग नियन्त्रण गर्छ। तर त्यहाँका सबै मुख्य बस्तीहरूमा उसले पकड गुमाएको छ।

युक्रेनी फौजले पूर्वमा समेत पकड गुमाएका छन्। धेरैजसो रुसी गोलाबारुद डोनेत्स्क क्षेत्रमा खर्चिइएका छन्।युद्धकै कारण रुसी अर्थतन्त्रमा उच्च ब्याजदर र महङ्गीको अवस्था देखा परिरहेको छ। यस वर्ष त्यहाँ सङ्घीय बजेटको ३३ प्रतिशत रक्षा खर्चमा छुट्याइएको छ।रुसको कब्जा र औद्योगिक क्षेत्रमा भएका क्षतिका कारण युक्रेनले आफ्नो अर्थतन्त्रको ठूलो भाग गुमाएको छ।

ऊर्जा पूर्वाधारमा भएका हमलाले समेत आर्थिक वृद्धिदरलाई हानि पुर्‍याएको छ।युक्रेनमा महङ्गी र ब्याजदर उच्च भए पनि उक्त देशले आफ्नो बजेट घाटासँग जुझ्नका लागि पश्चिमा सहायता सुनिश्चित गरेको छ। सन् २०२२ मा पुटिनले युक्रेनमा सैनिक पठाएयता दशौँ हजार मानिसहरू मारिएका छन्।युक्रेनी राष्ट्रपतिले ४३ हजार युक्रेनी सैनिक मारिएको बताए तापनि 'ओपनसोर्स वेबसाइट' 'यूएलसेस' (ualosses.org) का अनुसार उक्त सङ्ख्या ७० हजारभन्दा माथि हुन सक्छ।

राष्ट्रसङ्घीय विवरणअनुसार युक्रेनमा १२ हजारभन्दा धेरै सर्वसाधारण मारिएका छन्।रुस विरलै मात्र सैन्य क्षतिलाई स्वीकार गर्छ। तर बीबीसीको विश्लेषणमा रुसी मृत्यु १,४६,१९४ देखि २,११,१६९ बीचमा हुन सक्ने अनुमान छ। यस युद्धले ६९ लाख युक्रेनीहरूलाई विदेशमा शरण लिन बाध्य पारेको छ भने थप ३७ लाख मानिसहरू युक्रेनभित्रै विस्थापित बनेका छन्।सुरुमा पुटिनले यसलाई युद्ध समेत नभनीकन एउटा “विशेष सैन्य कारबाही“ भनी उल्लेख गरेका थिए।

अन्ततः सन् २०२४ मा उनले त्यसलाई युद्धकै रूपमा स्वीकार गरे तर उनले त्यो किएभ वा उसका पश्चिमा सहयोगीका कारण भएको दाबी गरे। दुई देशबीचको ऐतिहासिक सम्बन्धका कारण युक्रेन आफ्नो प्रभाव क्षेत्रमा रहनुपर्ने पुटिनले ठानेको देखिन्छ।सन् १९२२ देखि १९९१ सम्म युक्रेन सोभियत सङ्घको हिस्सा थियो। खास गरी पूर्वी भागमा धेरैजसो युक्रेनीहरू रुसी भाषा बोल्छन्। भोलोदिमिर जेलेन्स्की समेत तिनैमध्येका हुन्।धेरै रुसीहरू क्राइमियालाई आफ्नो मान्छन्। सन् १७८३ मा क्याथरिन द ग्रेटले रुसमा गाभेको उक्त ठाउँलाई सन् १९५४ मा सोभियत नेता गोर्बाचोफले युक्रेनलाई हस्तान्तरण गरेका थिए।

त्यसको दश वर्षअघि उनका पूर्ववर्ती स्टालिनले क्राइमियाका ट्याटर जनसंख्यालाई निकाला गरेपछि त्यहाँको बहुमत जनसंख्या जातीय रुसीहरूकै रह्यो। सन् १९९१ यता युक्रेन एक स्वतन्त्र देशका रूपमा छ।सन् १९९४ मा यस देशले रुस, यूके र अमेरिकाबाट सुरक्षा सुनिश्चितता प्राप्त हुने गरी आफ्नो परमाणु अस्त्र त्यागेको थियो। तर मस्कोले त्यसलाई सम्मान गर्न सकेन । युद्धपछि धेरै युक्रेनीले रुसी भाषालाई त्यागेका छन्। जेलेन्स्की स्वयं समेत सार्वजनिक रूपमा रुसी भाषा प्रयोग गर्न खोज्दैनन् ।

# तेस्रो लहान मेयर गोल्डकप फुटबल सोमबारदेखि

सिरहा । लहान नगरपालिकाको सहयोगमा सोमबारदेखि ‘स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद’ नाराका साथ तेस्रो लहान मेयर गोल्डकप फुटबल प्रतियोगिता सुरु हुँदैछ ।



लहान-७ स्थित पशुपति आदर्श माध्यमिक विद्यायलको खेल मैदानमा सञ्चालन हुने उक्त प्रतियोगितामा दश टोली सहभागी हुने आयोजक हिम कस्तुरी युवा क्लबका अध्यक्ष शम्भु चौधरीले बताउनुभयो । उहाँका अनुसार सोमबार उद्घाटन खेलमा झापा फुटबल क्लब र बारा एपिएच क्लबबीच प्रतिस्पर्धा हुने छ ।

प्रतियोगिताको विजेतालाई रु दुई लाख ११ हजार र उपविजेतालाई रु एक लाख ११ हजार पुरस्कार प्रदान गरिने छ । प्रतियोगिताका लागि लहान नगरपालिकाले रु २० लाख सहयोग गरेको आयोजक संस्थाले जनाएको छ । दोस्रो लहान मेयर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि वीरगञ्ज युनाइटेडले जितेको थियो । सो प्रतियोगितमाा सलहेश युवा क्लब, सिरहा उपविजेता बनेको थियो ।रासस

# आठौँ अन्तरराष्ट्रिय मेयरकप वैशाख दोस्रो साता

टक्सार । आठौँ अन्तरराष्ट्रिय आमन्त्रित मेयरकप फुटबल आगामी वैशाख दोस्रो सातादेखि सुरु हुने भएको छ ।



जिल्ला फुटबल सङ्घको आयोजना तथा भोजपुर नगरपालिकाको मुख्य प्रायोजनमा प्रत्येक वर्ष जिल्ला सदरमुकाममा सञ्चालन हुँदै आएको उक्त प्रतियोगिता यस वर्ष २०८२ वैशाख १४ देखि २० गतेसम्म सञ्चालन हुने आयोजक भोजपुर जिल्ला फुटबल सङ्घका अध्यक्ष प्रविण सुवालले जानकारी दिए ।

भोजपुर नगरपालिका-७, कोदारस्थित रङ्गशालामा सञ्चालन हुने उक्त प्रतियोगितामा आठ टोलीले सहभागिता जनाउने छन् । प्रतियोगिता सञ्चालनका लागि भोजपुर नगरपालिकाले रु ३० लाख सहयोग गरेको छ ।

प्रतियोगिताका विजेता तथा उपविजेताले क्रमशः रु पाँच लाख र रु तीन लाख पुरस्कार पाउने छन् । सातौँ संस्करणमा चर्च ब्वाइज युनाइटेड, काठमाडौँले त्रिभुवन आर्मी क्लबलाई हराउँदै विजेता बनेको थियो ।रासस

# विश्वव्यापीकरणको ‘सही’ बाटो अवलम्बन गर्ने चीनको घोषणा




**एएफपी**

बेइजिङ । चीनका उच्च नेताले आइतबार बेइजिङमा आयोजित व्यापारिक अधिकारीहरूको एक भेलालाई सम्बोधन गर्दै ‘विखण्डन’ का बावजुद चीनले ‘आर्थिक विश्वव्यापीकरण’लाई अगाडि बढाउने बताउनुभएको छ । ट्रम्पले देशबाट आयात हुने सामानमा धेरै चरणको कर लगाएको हप्तौँपछि हुन लागेको चीन विकास मञ्चको बैठकमा उहाँले ‘आर्थिक विश्वव्यापीकरण’कौ मार्ग अवलम्बन गर्ने बताउनुभएको हो ।अमेरिकी करवृद्धि र बदलामा आउने रक्षात्मक निर्णयले विश्वभर आर्थिक चुनौतीहरू बढेको विश्वव्यापीरूपमा नै मूल्यवृद्धिको सम्भावनालाई बढाएको छ ।

चिनियाँ नेताहरूले महामारीको अन्त्यदेखि नै विशेष गरी उपभोग बढाएर अस्थिर अर्थतन्त्रलाई अझ स्थिर मार्गमा डोर्‍याउन खोजिरहेका छन् ।ट्रम्पले चीन, क्यानडा र मेक्सिकोलगायत प्रमुख अमेरिकी व्यापारिक साझेदार हरूसँग करवृद्धि गरी व्यापार युद्ध लडिरहेका बेला उनीहरूले बहुपक्षीय आर्थिक प्रणालीको कट्टर रक्षकको रूपमा देशको भूमिकालाई पनि जोड दिन खोजिरहेका छन्।

चीनका प्रधानमन्त्री ली कियाङले भन्नुभयो, “चीन इतिहासको कठिन घडीमा सही पक्ष, निष्पक्षता र न्यायमा दृढतापूर्वक उभिनेछ। ”एप्पलका प्रमुख कार्यकारी अधिकृत टिम कुकलगायत प्रमुख व्यापारिक नेताहरूको उपस्थितिमा यस वर्षको वार्षिक मञ्चको उद्घाटनमा लीको भाषण आएको थियो।देशले ‘ आर्थिक भूमण्डलीकरण’को सही दिशाको पालना गर्नेछ, सही बहुपक्षीयताको अभ्यास गर्नेछ र स्थिरता र निश्चितताको लागि एक शक्ति बन्ने प्रयास गर्नेछ,” लीले भन्नुभयो । ट्रम्पले सुरु गरेको नयाँ व्यापार युद्धलाई सङ्केत गर्दै उहाँले भन्नुभयो, “आज, विश्वव्यापी आर्थिक विखण्डन तीव्र भइरहेको छ, अस्थिरता र अनिश्चितता बढिरहेको छ ।”

बेइजिङले हालैका हप्ताहरूमा व्यापार वार्ताका लागि ट्रम्पसँग संलग्न हुन खुला दृष्टिकोण व्यक्त गरेको छ।अमेरिकी सिनेटर स्टिभ डेन्सले बेइजिङ भ्रमणका क्रममा आर्थिक मामिला हेर्ने चीनका उपप्रधानमन्त्री हे लिफेङसँग शनिबार भेटवार्ता गर्नुभएको छ । चीनबाट संयुक्त राज्य अमेरिकामा फेन्टानिल र घातक औषधिको अग्रगामी रसायनहरूको सीमापार प्रवाहमा संलग्न हुने अपेक्षा गरिएको वार्ताका लागि डेन्सले आइतबार लीसँग पनि भेट गर्नुहुनेछ ।

ट्रम्पले चीनमाथिको नयाँ करको कारण बेइजिङले रसायनहरूको ढुवानी रोक्न असफल भएको बताउनुभएको छ । यसले घातक औषधिको समस्यालाई बढावा दिएको छ।बेइजिङले लागुऔषधको अवैध उत्पादन र व्यापारमाथि कडा कदम चालेको बताउँदै यो मुद्दा वासिङ्टनले नै समाधान गर्नुपर्ने बताएको छ ।डेन्ससँगको भेटमा उहाँले भन्नुभयो, “चीनले आर्थिक र व्यापारिक मुद्दाहरूको राजनीतिकरण, हतियारीकरण र साधनीकरणको कडा विरोध गर्दछ।”

उपप्रधानमन्त्रीले चीन समस्या समाधानका लागि संयुक्त राज्य अमेरिकासँग ‘स्पष्ट संवादमा संलग्न हुन’ इच्छुक रहेको पनि बताउनुभयो । उहाँले भन्नुभयो, “दुई देशबीच धेरै साझा हित र सहयोगका लागि व्यापक स्थान छ ।गत जनवरीमा पदभार ग्रहण गरेदेखि ट्रम्पले संयुक्त राज्य अमेरिकामा केही चिनियाँ सामानको ढुवानीमा २० प्रतिशतले वृद्धि गर्नुभएको छ । गत वर्ष चीनको निर्यात उच्च रेकर्डमा पुगेको थियो । “विश्वव्यापी व्यापार प्रणालीमा उथलपुथलले बेइजिङलाई गतिविधि बढाउन अन्य तरिकाहरू खोज्न बाध्य पार्न सक्छ,” पर्यवेक्षकहरूले चेतावनी दिएका छन् ।

सोमबार सार्वजनिक गरिएको तथ्याङ्कले यस वर्षको पहिलो दुई महिनामा असमान सुधार भएको सङ्केत गरेको छ ।अघिल्लो जनवरी-फेब्रुअरी अवधिको तुलनामा खुद्रा बिक्री मध्यम वृद्धि भएको छ, यद्यपि बेरोजगारी दुई वर्षमा रेकर्ड गरिएको उच्चतम स्तरमा पुगेको छ । बेइजिङले यस वर्ष पाँच प्रतिशतको हाराहारीमा आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको बताएको छ, जुन गत वर्षको जस्तै हो र धेरै अर्थशास्त्रीहरूले यसलाई महत्त्वाकाङ्क्षी मानेका छन् ।

# यस्तो छ विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार आइतबार अमेरिकी डलर एकको खरिददर १३७ रुपैयाँ २६ पैसा र बिक्रीदर १३७ रुपैयाँ ८६ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर १४८ रुपैयाँ ८० पैसा र बिक्रीदर १४९ रुपैयाँ ४५ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७७ रुपैयाँ ६७ पैसा र बिक्रीदर १७८ रुपैयाँ ४५ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १५५ रुपैयाँ ७८ पैसा र बिक्रीदर १५६ रुपैयाँ ४६ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ३६ पैसा र बिक्रीदर ८६ रुपैयाँ ७३ , क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ७३ पैसा र बिक्रीदर ९६ रुपैयाँ १५ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रुपैयाँ ८८ पैसा र बिक्रीदर १०३ रुपैयाँ ३३ पैसा निर्धारण गरिएको छ।

यस्तै, जापानी येन १० को खरिददर नौ रुपैयाँ २१ पैसा र बिक्रीदर नौ रुपैयाँ २५ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ९४ पैसा र बिक्रीदर १९ रुपैयाँ ०२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ५९ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७५ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ६५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८२ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०५ पैसा र बिक्रीदर चार रुपैयाँ ०७ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ३७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ०५ पैसा र बिक्रीदर ३१ रुपैयाँ १८ पैसा निर्धारण भएको छ।

त्यस्तै, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ३८ पैसा र बिक्रीदर नौ रुपैयाँ ४२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ६० पैसा र बिक्रीदर १३ रुपैयाँ ६६ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ९५ पैसा र बिक्रीदर २० रुपैयाँ ०३ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ६६ पैसा र बिक्रीदर १७ रुपैयाँ ७३ पैसा, कुवेती दिनार एकको खरिददर ४४५ रुपैयाँ ४५ पैसा र बिक्रीदर ४४७ रुपैयाँ ३९ पैसा, बहराइन दिनार एकको खरिददर ३६४ रुपैयाँ १२ पैसा र बिक्रीदर ३६५ रुपैयाँ ७१ पैसा, ओमनी रियाल एकको खरिददर ३५६ रुपैयाँ ५९ पैसा र बिक्रीदर ३५८ रुपैयाँ १५ पैसा रहेको छ। भारतीय रुपैयाँ १०० को खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमयदर भने खुला बजारका आधारमा फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको 'वेबसाइट'मा उपलब्ध हुने जनाएको छ ।रासस

# नाटकघर हुँदै चलचित्रमा अभिनय गर्ने क्रम बढ्दो




काठमाण्डु । केही वर्षयता रङ्गमञ्च हुँदै रङ्गीन पर्दा अर्थात् चलचित्रमा अभिनय गर्ने कलाकारको संख्या बढ्दो छ। अहिले नेपाली चलचित्रको अग्रपङ्क्तिमा रहेका अभिनेताहरू नाटकघरबाटै उदाउने धेरै छन् । यही सन्दर्भमा रङ्गमञ्चबाट चलचित्रसम्मको यात्राको विषयमा रङ्गकर्मीबीच छलफल भएको छ।

'विश्वभरिका कथाहरूको उत्सव नेपाल अन्तरराष्ट्रिय चलचित्र महोत्सव' भन्ने नाराका साथ गत बिहीबारदेखि काठमाडौँमा जारी 'नेपाल अन्तरराष्ट्रिय चलचित्र महोत्सव (निफ) को आठौँ संस्करणमा 'रङ्गमञ्चबाट रङ्गीन पर्दा' शिर्षकमा गरिएको अन्तरक्रिया कार्यक्रममा अभिनेता तथा नाट्यकर्मी प्रमोद अग्रहरीले रङ्गमञ्चले आफू र समाजलाई बुझ्न मद्दत गर्नुका साथै कामप्रतिको सम्मान बढाउन तथा अनुशासन सिकाउने बताउनुभएको छ।

"अभिनय पढ्नैपर्ने विधा, यसमा अध्यन नभए राम्रो कलाकारिता गर्न सकिँदैन भन्ने मेरो बुझाइ छ । यसले रङ्गमञ्चबाट ठूलो पर्दामा जान मद्दत गर्नुका साथै अभिनयमा विविधता ल्याउन मद्दत गर्छ । रङ्गमञ्चलाई छाडेर भन्दा पनि साथै राखेर रङ्गीन पर्दामा पुग्नेहरू दीर्घायु हुन्छन्", अभिनेता अग्रहरीले भन्नुभयो । छलफलका क्रममा उहाँले आफ्नो नाटकघर हुँदै चलचित्र भवनसम्मको यात्राका विषयमा समेत चर्चा गर्नुभयो।

छलफलमा सहभागी अभिनेत्री तथा नाट्यकर्मी सरिता गिरीले चलचित्र र रङ्गमञ्च दुवै माध्यममा सङ्घर्ष र निरन्तरता आवश्यक रहेको बताउनुभयो। "रङ्गमञ्च चलचित्रसम्म पुग्ने एउटा बाटो हो, किनकि यहाँ आएर अभिनय सिकेका अहिले चलचित्रमा सर्वाधिक खोजिने कलाकार बन्नुभएको छ। तर, चलचित्रमा काम गर्छु भनेर नाटकघर आउनेभन्दा नाटकमा काम गर्ने चलचित्रमा स्थापित हुनुभएको छ। त्यसैले हामीले नाटक हुँदै चलचित्रमा पुग्नुभएका कलाकारको सफलतासँगै उहाँहरुले गर्नुभएको सङ्घर्षलाई बुझ्नु जरुरी छ, त्यसले हामीलाई अगाडि बढ्न प्रेरणा दिन्छ", उहाँले भन्नुभयो। अभिनेत्री गिरीले रङ्गमञ्च नै सपना बोकेर आएका आफ्ना पुस्ताका कलाकार मेहनत र निरन्तरताकै कारण आज चलचित्रमा पुग्न सफल भएका बताउनुभयो।

अभिनेता तथा नाट्यकर्मी बुद्धि तामाङले रङ्गमञ्च अभिनयमा आफ्नो भविष्य देख्नेलाई बाटो देखाउने माध्यम बनेको बताउनुभयो । उहाँले नाटक र चलचित्रको माध्यम फरक भएकाले त्यसलाई एउटै आँखाले हेर्न नहुने बताउनुभयो।

"नाटकमा हामी आफैँले सबै काम गर्छौं, त्यहाँ हामीलाई निर्देशक गर्ने कोही हुँदैनन् । तर, चलचित्रमा हाम्रो भावलाई निरन्तरता दिन वा हाम्रो अभिनय क्षमतालाई हेर्न क्यामेरा पछाडि धेरै बस्नुहुन्छ। त्यसकारण यी दुवै माध्यममा मेहनत गर्न सक्नेका लागि सहज र काम गर्न नसक्नेका लागि असहज बनिरहेको छ", अभिनेता तामाङले भन्नुभयो । उहाँले चलचित्रमा काम गर्ने उद्देश्यले भन्दा पनि अभिनय क्षमतालाई मापन गने सङ्कल्प लिएर नाटकघरमा आउन आग्रह गर्नुभयो।

छलफलमै रहनुभएकी नाट्यकर्मी सृजना अधिकारीले यसै वर्ष प्रदर्शन भएको चलचित्र 'सतिदेवी' मा अभिनेत्रीको भूमिका निर्वाह गर्नुभएको थियो । तीन सन्तानको आमाको भूमिकामा देखिनुभएकी अभिनेत्री अधिकारीले माध्यम फरक भए पनि अभिनयका हिसाबले चलचित्र र नाटकमा उस्तै तयारी गर्नुपर्ने अनुभव सुनाउनुभयो।

"नाटकमा हामीले आफ्नो अभिनयसँगै आफ्नो सम्पूर्ण आवश्यक तत्वलाई मिलाउनुपर्छ भने चलचित्रमा त्यसलाई विचार गर्ने धेरै व्यक्ति हुन्छन् । मलाई चाहिँ जति आफू प्रक्रियामा संलग्न भयो त्यति नै राम्रो लाग्छ, त्यही भएर म नाटकमा काम गर्न सहजता महसुस गर्छु", उहाँले भन्नुभयो।

अभिनेत्री गिरीले चलचित्रसँगै रङ्गमञ्चमा समय छुट्याउने गरेको बताउनुभयो । उहाँले एक वर्षमा तीनदेखि ६ महिनासम्मको समय नाटकलाई दिनुहुन्छ । त्यसकारण उहाँले आफ्नो भूमिका सानो वा छोटोभन्दा पनि प्रभावकारिता हेरेर चलचित्रमा काम गर्ने गरेको बताउनुभयो।

"मेरो लागि कथामा पात्रको आवश्यकता महत्त्वपूर्ण हुन्छ, त्यो पर्दामा देखिने समयले मलाई फरक पार्दैन। त्यसैले मैले आफ्नो उमेरभन्दा बढी उमेर हुनुभएका कलाकारको आमाको भूमिका पनि गरेकी छु भने कुनै चलचित्रमा छोटो समय पनि देखिएकी छु। हामीले पात्रलाई जीवन्त बनाउन सकेको खण्डमा त्यसको लम्बाइले असर गर्दैन", उहाले भन्नुभयो । अभिनेत्री गिरीले नाटकमा महिलाको भूमिका सशक्त रहने उल्लेख गदै चलचित्रमा समानता ल्याउन लेखकको महत्त्वपूर्ण दायित्व रहनेमा जोड दिनुभयो । अभिनेता तामाङले आफूले निर्वाह गर्ने हरेक पात्र महत्त्वपूर्ण लाग्ने बताउनुभयो।

"मलाई कुनै पात्र प्रस्ताव गरिन्छ भने त्यो महत्त्वपूर्ण नै भएर हो भन्ने लाग्छ, यद्यपि म त्यसमा आफ्नो छाप छाड्ने प्रयास गर्नुका साथै कथालाई अगाडि बढाउन प्रयत्न गर्छु। अहिले पात्र सहायक वा प्रमुखभन्दा पनि काम कस्तो गरियो भन्ने लाग्छ, किनकि म स-साना सहायक भनिने भूमिकामार्फत पनि चिनिएको हो", उहाँले भन्नुभयो।

रङ्गपत्रकार सुकृत नेपालले सहजीकरण गर्नुभएको अन्तरक्रियामा सहभागी नाट्यकर्मीले रङ्गमञ्चबाट ठूलो पर्दामा गएकाहरूले अभिनयमा निरन्तरता दिन सक्नेमा जोड दिनुभएको थियो । नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानको आयोजनामा यही चैत ११ गतेसम्म चल्ने उक्त महोत्सवमा ४० देशका ८७ चलचित्र, वृतचित्र तथा छोटा चलचित्र सहभागी छन् । महोत्सवका अध्यक्ष केपी पाठकले विभिन्न भाषाका चलचित्रहरू एकै ठाउँमा प्रदर्शन हुँदा चलचित्रकर्मीबीच ज्ञान आदानप्रदान हुनुका साथै विश्वका चलचित्रसँग परिचित गराउने बताउनुभयो।

महोत्सवलाई राष्ट्रिय र अन्तरराष्ट्रिय गरेर दुई किसिमले वर्गीकरण गरिएको छ । दुवैमा 'फिचर' र लघुचलचित्रका साथै वृत्तचित्र विधामा अवार्ड वितरण गरिने छ । महोत्सवमा अन्तरराष्ट्रिय प्रतिस्पर्धाअन्तर्गत सर्वोत्कृष्ट हुने चलचित्रलाई एक हजार पाँच सय डलर राशिसहित 'गौतम बुद्ध अवार्ड' प्रदान गरिनेछ। यस्तै, राष्ट्रिय तथा अन्तरराष्ट्रिय चलचित्रबाट कुनै एक चलचित्रलाई 'अन्तरराष्ट्रिय चलचित्र समाज महासङ्घ'को तर्फबाट 'डन कि होते' शीर्षकमा पुरस्कार प्रदान गरिनेछ। नेपाली प्रतिस्पर्धाअन्तर्गत उत्कृष्ट चलचित्रलाई रु एक लाख र ट्रफी, उत्कृष्ट छोटो चलचित्र र उत्कृष्ट वृत्तचित्रलाई रू ५०-५० हजार र ट्रफी प्रदान गरिने छ ।

महोत्सवमा सर्वोत्कृष्ट अन्तरराष्ट्रिय वृत्तचित्रलाई एक हजार डलर राशिको 'माउन्ट एभरेस्ट अवार्ड' र सर्वोत्कृष्ट अन्तरराष्ट्रिय लघुचलचित्रलाई पाँच सय डलरको 'बागमती अवार्ड' प्रदान गरिने छ। एआई प्रविधिको चलचित्रलाई पाँच सय अमेरिकी डलरको 'मञ्जुश्री अवार्ड' प्रदान गरिने आयोजकले जनाएको छ ।रासस

# तरकारी र फलफूलको थोक मूल्य

काठमाण्डु । कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले आइतबारका लागि कृषि उपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो।

गोलभैँडा ठूलो (नेपाली) प्रतिकिलो रु २५, गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु २५, आलु रातो प्रतिकिलो रु ३५, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ६०, गाजर (लोकल) प्रतिकिलो रु ५०, गाजर (तराई) प्रतिकिलो रु ३०, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (तराई) प्रतिकिलो रु ३०, बन्दा (नरिवल) प्रतिकिलो रु १५, काउली (स्थानीय) प्रतिकिलो रु २५, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ३०, मूला रातो प्रतिकिलो रु ४०, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २५, भन्टा लाम्चो प्रतिकिलो रु ४० तथा भन्टा डल्लो प्रतिकिलो रु ५०, तने बोडीको मूल्य प्रतिकिलो रु १३० कायम गरिएको छ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ५०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ६०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ६०, घिउ सिमी (राजमा) प्रतिकिलो रु ९०, टाटे सिमी प्रतिकिलो रु ७०, तिते करेला प्रतिकिलो रु १३०, लौका प्रतिकिलो रु ५०, परबर (लोकल) प्रतिकिलो रु ९०, परबर (तराई) प्रतिकिलो रु ८०, घिरौला प्रतिकिलो रु ६०, झिगुनी प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ३०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ३०, सलगम प्रतिकिलो रु ५० तथा भिण्डी प्रतिकिलो रु १०० कायम गरिएको छ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ४०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ५०, पालुङ्गो साग प्रतिकिलो ७०, चमसुरको साग रु ३५, तोरीको साग प्रतिकिलो रु ४०, मेथीको साग प्रतिकिलो रु ७०, प्याज हरियो प्रतिकिलो रु ४०, बकुला प्रतिकिलो रु ६०, तरुल प्रतिकिलो रु ९०, च्याउ (कन्य) प्रतिकिलो रु १८०, च्याउ (डल्ले) प्रतिकिलो रु ३८० तथा कुरिलो प्रतिकिलो रु १००० निर्धारण गरिएको छ।

निगुरो प्रतिकेजी रु १२०, ब्रोकाउली प्रतिकिलो रु ५०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु ३००, कोइरालो प्रतिकिलो रु १८०, रातो बन्दा प्रतिकिलो रु ५०, जिरीको साग प्रतिकिलो रु ६०, ग्याठकोभी प्रतिकिलो रु ७०, सेलरी प्रतिकिलो रु १५०, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ६०, पुदिना प्रतिकिलो रु ३००, गान्टे मूला प्रतिकिलो रु ६०, इमली प्रतिकिलो रु १६०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुकको मूल्य प्रतिकिलो रु ३५० तोकेको छ ।रासस

# सुन्तलाको जुस बनाएर अतिरिक्त आम्दानी



म्याग्दी । जिल्लाको अन्नपूर्ण गाउँपालिका-४ घरापका किसानले बिक्री नहुने साना दाना भएका सुन्तलाको जुस बनाएर अतिरिक्त आम्दानी गरिरहेका छन्।

अन्नपूर्ण चक्रीय पदमार्गको मुस्ताङ-म्याग्दी यात्रा गने पर्यटकलाई ताजा सुन्तलाको जुस बेचेर घरापका दम्पती प्रेम तिलिजा र मैना तिलिजाले यो याममा रु दुई लाख आम्दानी गरेका हुन् ।"बगैँचाका ठूला दाना व्यापारीले किनेर लगेपछि बचेका साना दाना सुन्तला अझै बोटमा राखेका छौँ," मैनाले भन्नुभयो, "जुस खानका लागि दैनिक ५० जनासम्म पर्यटक यहाँ आउनुहुन्छ ।" बेमौसममा सुन्तलाको जुस सानो गिलासको रु दुई सय ५० र ठूलो गिलासको तीन सय ५० का दरले बिक्री हुने गरेको उहाँको भनाइ छ। आफ्नै बगैँचाको एक सय बोट र छिमेकीको बोटमा बाँकी रहेका सुन्तलालाई टिपेर बोक्रा छोडाइ उपकरणको सहायताले रस निकालेर बिक्री गर्दै आएको मैनाले बताउनुभयो । "उपकरणले गेडा र छोक्रालाई एकातर्फ फाल्छ भने रसलाई भाडामा खसाल्छ", उहाँले भन्नुभयो। मुस्ताङको घाँसाबाट पदयात्रा गरेर म्याग्दीको तातोपानी आउने क्रममा बेमैसमको सुन्तलाको ताजा र स्वादिलो जुस उपभोग गर्न घरापमा विश्राम गरेको काठमाडौँका जनार्दनदेव पन्तले बताउनुभयो।

जुस बनाउन थालेपछि साना दाना भएका कारण बिक्री नभएका सुन्तला खपत भएको प्रेमले बताउनुभयो । खेर जाने सुन्तलाबाट जुस बनाएर अतिरिक्त आम्दानी भएको भन्दै अन्य क्षेत्रमा सुन्तला सकिए पनि यहाँका बगैँचामा साना दानाका चैत महिनासम्म रहने उहाँले जानकारी दिनुभयो। रासस


**ढल्केबर सौर्य विद्युत आयोजना, बर्दिबास (२० मे.वा.) को वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण तथा कार्यसूची प्रतिवेदन तयार सम्बन्धी**

**सार्वजनिक सूचना**

(सूचना प्रकाशित मितिः २०८१/१२/११)

मधेश प्रदेश अन्तर्गत महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकामा टेरा सोल इनर्जी कम्पनि प्रा. लि.द्वारा ढल्केबर सौर्य विद्युत आयोजना, बर्दिबास २० मे.वा. (AC) क्षमताको ग्रिडमा आवद्ध सौर्य विद्युत आयोजना प्रस्ताव गरिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | नामः टेरा सोल इनर्जी कम्पनि प्रा. लि.<br>ठेगानाः बालुवाटार, काठमाडौं, नेपाल।<br>मोवाइल नं. ९८५१०५३२००, ९८५१०३४०७७ |
| प्रस्तावको व्यहोरा | मधेश प्रदेश अन्तर्गत महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका नगरपालिका वडा नं.६ मा ढल्केबर सौर्य विद्युत आयोजना, बर्दिबास २० मे.वा. (AC) र २४ मे.वा. (DC) प्रस्ताव गरिएको छ। प्रस्तावित आयोजनाको प्रकृति ग्रीडमा आवद्ध सौर्य विद्युत आयोजना रहेको छ र यस आयोजनाबाट वार्षिक ३,४६,९३,४९६ किलोवाट आवर सौर्य विद्युत ऊर्जा उत्पादन हुनेछ।<br>प्रस्तावित आयोजनाका मुख्य संरचनाहरूमा सोलार प्यानल, इन्भर्टर, ट्रान्सफर्मर र प्रसारण लाइन रहेका छन्। यस आयोजनाबाट उत्पादित सौर्य विद्युत ऊर्जा करिब ५ कि.मि. लम्बाइको ३३ के.भी. प्रसारण लाइन मार्फत ढल्केबर सबस्टेसनमा जडान गरी राष्ट्रिय ग्रीडमा प्रसारण गरिनेछ।<br>उक्त आयोजना कार्यान्वयन गर्नुपूर्व वातावरणीय संरक्षण नियमावली २०७७ को नियम ४ को उपनियम २ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण तथा कार्यसुची प्रतिवेदन तयारीका लागि यो सूचना प्रकाशित गरिएको छ। |
| प्रभाव पर्ने सक्ने जिल्ला/गा.पा. | महोत्तरी जिल्ला, बर्दिबास नगरपालिका वडा नं.६ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण तथा कार्यसूची प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको भौतिक, जैविक र सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक वन तथा सम्पूर्ण सरोकारवाला व्यक्ति वा संस्थाहरुको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः टेरा सोल इनर्जी कम्पनि प्रा. लि.<br>ठेगानाः बालुवाटार, काठमाडौं, नेपाल।<br>मोवाइल नं. ९८५१०५३२००, ९८५१०३४०७७, |
| परामर्शदाताको नाम र ठेगाना | नामः नेपाल इन्भाइरोमेन्ट एन्ड डेभलप्मेन्ट कन्सल्ट्यान्ट प्रा. लि.<br>ठेगानाः काठमाडौँ महानगरपालिका, वडा नं ११, बबरमहल, काठमाडौँ, नेपाल।<br>इमेलः consult.nedc1@gmail.com<br>मोबाइल नं : ९८०११०५९८० |



**Government of Madhesh Province**

**Ministry of Energy, Irrigation & Water Supply**

**Water Supply and Sanitation Division Office**

**Division No.2, jaleshwor, Mahottari**

**Invitation for Electronic Bids**

**First Date of publication: 2081/12/11 (24th march 2025)**

Water Supply & Sanitation Division Office, Jaleshwor, Mahottari invites electronic bids from Nepalese eligible bidders for following works under National Competitive Bidding procedures.Eligible Bidders may obtain further information and inspect the bidding documents visiting the PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Bid Fee (Nrs) | Bid Security Amount (Nrs) | Estimate Cost (with VAT & PS) |
|---|---|---|---|---|
| WSSDO/Mahottari/Works/ NCB/06/081/82 | Drilling & installation of 4" dia. PVC Deep Tubewell-4Nos. at Ram Gopalpur Na. Pa. 4 &5, Mahottari | 3000.00 | 1,20,000.00 | 47,96,338.51 |
| WSSDO/Mahottari/Works/ NCB/07/081/82 | Drilling & installation of 4" PVC Deep Tubewell-4Nos.at different Places of Samshi Ga.Pa. | 3000.00 | 1,10,000.00 | 43,45,753.91 |
| WSSDO/Mahottari/Works/ NCB/08/081/82 | "Drilling and Installation works of 10" dia.Deep Tubewell at Ganga Sagar, Janakpur-4" | 3000.00 | 1,20,000.00 | 47,82,953.03 |
| WSSDO/Mahottari/Works/ NCB/09/081/82 | Drillig & Installation work of 150mm Dia. Deep Tubewell at Ganeshman Charnath Na. pa.- 5 and Drillig & Installation work of 100mm Dia. Deep Tubewell Chaminimai Temple, Mithila Na. Pa.-4, Dhanusha | 3000.00 | 1,30,000.00 | 51,78,918.57 |
| WSSDO/Mahottari/Works/ NCB/10/081/82 | Drilling & installation of 4" PVC Deep Tubewell-2Nos. at Janakpur-9 | 3000.00 | 60,000.00 | 23,83,681.34 |

**Division Chief**

# 'पत्रकारिता अमर्यादित भयो, लगाम लगाउनुपर्छ'

**टुडे समाचारदाता**



जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले अमर्यादित रुपले चलिरहेको पत्रकारितामाथि लगाम लगाउनुपर्ने धारणा राखेका छन् ।

जनकपुरमा आइतबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आयोजना गरेको अभिमुखीकरण तथा छलफल कार्यक्रममा बोल्दै मुख्यमन्त्री सिंहले अमर्यादित रुपमा पत्रकारिता गर्नेहरुका कारण सही र मर्यादित रुपमा पत्रकारिता गरिरहेकाहरुको जीवन ओझेलमा परेको ठोकुवा गरे ।

अहिले पत्रकारिता सही छ कि गलत त्यसलाई ठम्याउन मुस्किल भएको उनले बताए । उनले भने, 'अहिलेको समयमा पत्रकारिता माथिको विश्वसनीयता दिनप्रतिदिन घटी रहेको छ । किन घटिरहेको छ ? आज पनि त्यही पत्रकारिता छ, त्यही पेपर छ, तर पनि विश्वसनीयता घटिरहेको छ', मुख्यमन्त्री सिंहले अघि थप्दैं भने, 'यदि तपाई मप्रति सकारात्मक हुनुहुन्छ भने मेरो गलत कुरालाई पनि सही ढंगले लेख्नुहुन्छ, यदि मप्रति नकारात्मक हुनुहुन्छ भने मेरो सही कुरालाई पनि नकारात्मक रुपमा प्रस्तुत गर्नुहुन्छ ।'

अहिले धेरै अनलाइन मिडिया, युट्र्युब दर्ताको प्रक्रियामा रहेको र नरहेकाहरुले समेत सामाजिक सञ्जालमा भ्रमात्मक रुपमा पस्किने गरेको उनको भनाइ छ ।

उनले यस्ता कार्य दुःखद रहेको भन्दै प्रदेश सरकारले आमसञ्चार प्राधिकरणको माध्यमबाट विभिन्न योजनाहरु ल्याएको बताए । उनले आगामी दिनमा बजेटभन्दा पहिला सरोकारवालसंग छलफल गरेर सुधारका लागि कस्ता कस्ता कार्यक्रमहरु ल्याइने बताए ।

उनले आर्थिक मन्दीका कारण पत्रपत्रिका, टिभी, अनलाईन लगायतमा मुल पेशा बनाएर पत्रकारिता गरिरहेकाहरुको जीवनयापनमा समेत असर परेकाले केन्द्रीय सञ्चार मन्त्रालयलाई उनीहरुका लागि ठोस मापदण्ड आउनुपर्ने बताए ।

# औरही गाउँपालिका अध्यक्ष र पूर्ववडाध्यक्षमाथि ५ दिन म्याद थप

**टुडे समाचारदाता**





लहान । सिरहाको औरही गाउँपालिकाका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादवमाथि अदालतबाट ५ दिनको म्याद थप भएको छ ।

सिरहामा महायज्ञका नाममा दलितमाथि ज्यादती भएको घटनामा पक्राउ परेका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादवलाई हिरासतमा राखि अनुसन्धान गर्नका लागि सिरहा जिल्ला अदालतले थप पाँच दिन म्याद थपेको छ ।

सिरहाका प्रहरी प्रहरी उपरीक्षक रमेश पण्डितका अनुसार आइतबार सिरहा जिल्ला अदालतले जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी कसुरमा उनीहरूमाथि अनुसन्धानका लागि प्रहरीलाई पाँच दिनको म्याद दिएको छ । उनीहरूलाई शुक्रबार साँझ पक्राउ गरेको थियो ।

औरही गाउँपालिका-५ मा आउँदो चैत १७ गतेदेखि औरहीमा हुने भनिएको महायज्ञका नाममा फागुन १० मा अछुत भन्दै महायज्ञस्थलमा रहेको मल्लिकको घर गाउँपालिका अध्यक्ष शिवजी यादव, पूर्ववडाध्यक्ष दिलीप यादव र बजरंगी बाबाले डोजर लगाएर भत्काइदिएको आरोप छ ।

यस घटनामा पीडित दीपक मलिकले जातीय भेदभाव तथा छुवाछूत सम्बन्धि कसुरमा तीनै जनाविरुद्ध शनिबार जिल्ला प्रहरी कार्यालय, सिरहामा जाहेरी दर्ता गराएका छन् । जातीय छुवाछूत गरेको, घर तोडफोड गरी विस्थापन गरेको भन्दै प्रतिवादीहरूलाई कानुन बमोजिम कारवाही हुनुपर्ने र पीडितलाई क्षतिपूर्ति दिइनुपर्ने माग गरिएको छ ।

जातीय छुवाछूतसम्बन्धी कसुरमा ३ महिनादेखि ३ वर्षसम्म र ५० हजारदेखि २ लाखसम्म जरिवानाको कानुनी व्यवस्था छ । सो घटनामा अझै फरार रहेका बजरंगी बाबाको भने खोजीकार्य भइरहेको उनले बताए ।

इता जनता समाजवादी पार्टी (जसपा) नेपालले दलित परिवारको घर भत्काएको आरोपमा पक्राउ परेका औरही गाउँपालिका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादवलाई अविलम्ब रिहा गर्न माग जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएको छ ।

जसपाले सिरहा प्रहरीले ८ चैतमा गाउँपालिका अध्यक्ष यादव र पूर्ववडाध्यक्ष दिलीपलाई छलफलको लागि बोलाएर बिना पूर्व सूचना थुनामा राखेको आरोप लगाएको छ ।

जसपाका अनुसार यस घटनामा झूटा आरोप लगाएर छुवाछुतसम्बन्धी मुद्दा लगाइएको छ । पार्टीले यो केवल राजनीतिक प्रतिशोधको एक अंश रहेको र यसलाई आफूहरुले स्वीकार गर्न नसक्ने जनाएको छ ।

सो ज्ञापन पत्र बुझाउँदै जसपा नेपालका सिरहा जिल्ला अध्यक्ष अशोक यादवले गाउँपालिका अध्यक्ष जस्तो सम्मानित पदमा रहेका जनप्रतिनिधिलाई यस्ता कारणले थुनामा राख्नु उचित नरहेको जिकिर गरे । साथै, उनले प्रहरीले यादव र अन्यको सवार मोटरसाइकल समेत नियन्त्रणमा लिएको घटनालाई मानवअधिकार उल्लंघनको रूपमा लिइएको छ ।

# उद्योगमा विवाद, अध्यक्ष- महासचिव एकअर्कामाथि आरोप प्रत्यारोप




**टुडे समाचारदाता**

रौतहट । रौतहट उद्योग वाणिज्य संघमा आन्तरिक विवाद चुलिएको छ । संघका महासचिव रविन्द्र गोपालीले संघका अध्यक्ष पण्डित प्रसाद जयसवालमाथि पद मोहको आरोप लगाएका छन् । महासचिव गोपालीले कार्यकाल सकिन लाग्दा समेत अध्यक्ष जयसवालले निर्वाचन गर्न नचाहेको र कार्यकाल लम्ब्याउने प्रयास गरिरहेको आरोप लगाएका छन् ।

पत्रकार सम्मेलन आयोजना गर्दै संघका महासचिव गोपालीले चैत २३ गतेका लागि आह्वान गरिएको साधारण सभामा अध्यक्ष पक्षले सहभागी नहुने जनाइएको बताए । गोपालीले संघको कार्यसम्पादन अध्यक्षको पद मोहका कारण लथालिंग बनेको दाबी गरे ।

गोपालीले भने, 'हामीले पटक-पटक अध्यक्ष जयसवाललाई साधारण सभा र निर्वाचन गर्न आग्रह गरेका थियौं । तर उहाँले हाम्रो मागलाई अटेर गर्दै कार्यकाल लम्ब्याउने मनसाय देखाउनुभयो। त्यसैले म महासचिवको हैसियतले विधानअनुसार साधारण सभा आह्वान गरेको हुँ ।'

यसै विषयमा अध्यक्ष पण्डित प्रसाद जयसवालले पनि पत्रकार सम्मेलन गर्दै महासचिव गोपालीको आरोप निराधार रहेको बताएका छन् । अध्यक्ष जयसवालले विधान विपरित सदस्यता वितरण गरिएको आरोप लगाउँदै त्यसप्रति आपत्ति जनाए ।

जयसवालले भने संघको विधानमा उल्लेख भएअनुसार आवश्यक कागजात नभएको अवस्थामा सदस्यता वितरण गर्न पाइँदैन । तर महासचिव गोपालीले एकतर्फी रूपमा सदस्यता वितरण गरेका छन्। विधानविपरित वितरण गरिएका सदस्यता मान्य हुँदैनन् ।

संघमा आन्तरिक विवाद बढ्दै जाँदा संघका पदाधिकारी तथा सदस्यहरूले फागुन २५ गते जिल्ला प्रशासन कार्यालय रौतहटमा लिखित उजुरी दिएका थिए । उनीहरूले संघमा विधानविपरित कार्य भइरहेको भन्दै कानुनी कारबाहीको माग गरेका छन् ।

संघमा देखिएको विवादले स्थानीय व्यवसायीहरूमा अन्योल पैदा भएको छ। संघका प्रमुख पदाधिकारीहरूबीचको आरोप-प्रत्यारोपका कारण संघको नियमित कार्यसम्पादन प्रभावित भएको व्यवसायीहरूले गुनासो गरेका छन् ।

# रौतहटमा चिट चोर्न प्रयोग भएका ४६९ थान मोबाइल बरामद




**टुडे समाचारदाता**

रौतहट । माध्यामिक शिक्षा परीक्षा (एसईई) अन्तर्गत आइतबारको परीक्षामा चिट चोर्न प्रयोग भएका ४ सय ६९ थान मोबाइल बरामद भएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक (डीएसपी) दीपक कुमार रायका अनुसार जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट चेकजाँचका क्रममा मोबाइल बरामद गरिएको छ ।

डीएसपी रायका अनुसार परीक्षार्थीहरूले आफ्नो शरीरमा मोबाइल लुकाई परीक्षा हलमा प्रवेश गराएको अवस्थामा चेकजाँच गर्दा ती मोबाइल बरामद भएका हुन् । परीक्षाको मर्यादा भंग गर्ने प्रयासमा संलग्न भएकाले ती मोबाइल नियन्त्रणमा लिइएको उनले बताए ।

यसै क्रममा परीक्षा निरीक्षकका रूपमा खटिएका २ जना गार्डहरूलाई पनि चिट चोर्न मद्दत गरेको आरोपमा नियन्त्रणमा लिइएको छ । गार्डहरूले परीक्षार्थीहरूलाई मोबाइल पास गराउने, उत्तर बोलेर लेखाउने जस्ता कार्यमा संलग्न रहेको खुलासा भएको छ ।

यसअघि पनि परीक्षाको पहिलो दुई दिनमा मात्रै ७ सय ६४ थान मोबाइल बरामद गरिएको थियो । हालसम्म बरामद गरिएका सबै मोबाइल प्रहरीको नियन्त्रणमा रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी रायले जानकारी दिएका छन् । प्रहरीले परीक्षा सुरक्षामा कडाइ गर्दै चिट चोर्नेजस्ता अनियमितता रोक्न विशेष निगरानी बढाएको छ ।

# 'खानेपानी, सरसफाई तथा स्वच्छताको कानून चांडै ल्याउँदैछौँ'

**टुडे समाचारदाता**



जनकपुरधाम । ऊर्जा, सिचाई तथा खानेपानी मन्त्री शेषनारायण यादवले खानेपानी, सरसफाई तथा स्वच्छताका लागि चिन्ताजनक अवस्था रहेको टिप्पणी गरेका छन् ।

वीरगञ्जमा आइतबार आयोजित खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रगत वितिय रणनीति तर्जुमा प्रशिक्षक प्रशिक्षण कार्यक्रममा उनले सरसफाई तथा स्वच्छताका लीगि चिन्ताजनक रहेको बताए ।

स्वच्छता र सरसफाइतर्फ प्रत्येक नागरिक घरमा कुनै न कुनै माध्यमले चर्पी बनाइएको उनले बताए । तर केहीले त्यसको प्रयोग नगरी खुल्ला स्थानमा नै शौच गर्दै आएका छन् । यो अवस्था जानी जानी र बानी व्योहरामा परिवर्तन नआउनुको कारण रहेको उनले स्प्ष्ट पारे ।

उनले सरसफाई र स्वच्छता प्रमुख जिम्मेवार स्थानीय तह भएको हुनाले जानीजानी गलती गर्नेलाई कारवाही र वानी व्यहोरामा परिवर्तन ल्याउन जनचेतना फैलाउन आवश्यक रहेकाले यसतर्फ स्थानीय सरकार गम्भीर हुनुपर्ने बताए ।

उनले खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापनका लागि (वास) संग सम्बन्धित कानून नै ल्याउन लागेको बताए ।

मन्त्री यादवले भने, 'अहिलेसम्म कानून आभावमा प्रदेश सरकारले सोचेजतिको आवश्यक काम गर्न सकेको छैन । खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा व्यवस्थित तरिकाले काम गर्न कानून ल्याउन लागेका हौं, खाका तयार भइसकेको छ चाँडै नै कानून ल्याउनेछौं ।'

बागमती प्रदेश खानेपानी विभागका सचिव मोहन शाक्यको अध्यक्षतामा सम्पन्न सो उद्घाटन सत्र कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण लगायत बागमती, कोशी, मधेश र गण्डक सहित चार प्रदेशका ३२ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको छ ।

# चुरे तथा वनजंगल संरक्षण अभियानद्वारा आन्दोलन घोषणा

**टुडे समाचारदाता**




जनकपुरधाम । चुरे तथा वनजंगल संरक्षण अभियानले चुरे बचाउन फेरि आन्दोलनको घोषणा गरेको छ । अभियानले राष्ट्रिय सम्मेलनबाट पारित निर्णयहरू सार्वजनिक गर्न आइतबार जनकपुरधाममा आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा चरणवद्ध आन्दोलनका कार्यक्रमहरू घोषणा गरेको छ ।

केन्द्रीय अध्यक्ष सुनिल कुमार यादवले चैत १५ देखि २० गतेसम्म चुरे वनजंगल विनाशबाट प्रभावित क्षेत्रहरूमा जनजागरण यात्रा सञ्चालन गरिने छ । सो क्रममा बर्दिबास, सिन्धुली, निजगढ, लालबन्दी, बागमती, चितवन, इटहरी लगायतका स्थानहरूमा सचेतनामूलक कार्यक्रम गरिने योजना रहेको बताए ।

यही चैत २४ गतेदेखि माइतीघर मण्डलामा धर्ना तथा संसद भवन अगाडि अनिश्चितकालीन विरोध कार्यक्रम आयोजना गरिने उनले बताए ।

राष्ट्रिय सम्मेलनबाट अभियानको केन्द्रीय अध्यक्षमा सुनिल कुमार यादव (बारा) सर्वसम्मत चयन भएका छन् । उपाध्यक्षमा सुक्रिती आर्चाय (भक्तपुर) र राजेश भण्डारी (सर्लाही) चयन भएका छन् भने महासचिवमा बासुदेव डल्लाकोटी (धादिङ) चयन भएका छन् । सचिव पद खाली राखिएको छ भने कोषाध्यक्षमा नन्दकिशोर राम (रौतहट) सहित २१ सदस्यीय कार्यसमिति चयन गरिएको छ ।

त्यस्तै अभियानको प्रवक्तामा प्रमोद कुमार साह र प्रेस सल्लाहकारमा दीपक कुमार कर्ण चयन गरिएको छ ।

सो पत्रकार सम्मेलनमार्फत महासचिव बासुदेव डल्लाकोटीको नेतृत्वमा बाँकी रहेका प्रदेश तथा जिल्ला समितिहरू जेष्ठ मसान्तभित्र गठन गर्ने निर्णय गरिएको उनले बताए ।

केन्द्रीय अध्यक्ष सुनिल कुमार यादव दोश्रो पटक अध्यक्ष बनेका हुन् ।

# ससुराली जाँदै गरेका युवकको रहस्यमय हत्या

**टुडे समाचारदाता**



जनकपुरधाम । धनुषाको एक युवकको ससुराली जाने क्रममा अपहरणपछि विभत्स हत्या भएको छ ।

जिल्लाको क्षीरेश्वरनाथ नगरपालिका- ८ स्थित दिगम्बरपुरका २५ वर्षीय शिवशंकर महतोको शव महोत्तरीको गौशाला नगरपालिका- ८ स्थित सागरनाथ वन क्षेत्रमा फेला परेको छ ।

शुक्रबार साँझतर्फ रेल्वे ट्र्याकबाट करिब १०० मिटर दक्षिणतर्फ उनको शव फेला परेको थियो, तर सनाखत भने शनिबार मात्र गरिएको थियो । शवको अवस्थाले विभत्स हत्या भएको अनुमान गरिएको छ । महोत्तरी प्रहरी प्रवक्ता डीएसपी सन्तुलाल जयसवारले भने, 'शव र घटनास्थलको अवस्था हेर्दा हत्या भएको स्पष्ट देखिन्छ, थप अनुसन्धान भइरहेको छ ।'

अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतका अनुसार शिवशंकरको शव नग्न अवस्थामा फेला परेको थियो । शरीरभरि खुकुरी प्रहारका गहिरा घाउ थिए भने मुख जलेको जस्तो देखिन्थ्यो ।

शिवशंकर बिहीबार दिउँसो श्रीमती सृजना र १० महिने छोरासहित बर्दिबास नगरपालिका-५ पशुपतिनगरस्थित ससुराली जान निस्किएका थिए । उनीहरू महेन्द्रनगरसम्म एउटै मोटरसाइकलमा पुगेका थिए, जहाँबाट श्रीमतीले माइतबाट दुईवटा बाइक मगाएकी थिइन् । श्रीमती बच्चासहित एउटा बाइकमा गइन् भने शिवशंकर अर्को बाइकमा सवार थिए ।

परिवारका अनुसार उनीहरू शिवशंकर ससुराली पुगेको ठानेर ढुक्क थिए । तर, शुक्रबार महोत्तरी प्रहरीले शव पहिचानका लागि परिवारलाई बोलाएपछि मात्र घटना खुलेको छ ।

मृतकका भाइ राम महतोले जनाए अनुसार केही दिनअघि ससुरालीमा विवाद हुँदा शिवशंकर कुटिएका थिए । त्यसपछि उनी पुनः ससुराली जान चाहँदैनथे, तर श्रीमतीले हजुर बुबाको निधन भएको भन्दै उनलाई जबर्जस्ती पठाएको थियो ।

'हामीले त दाइ ससुराली पुगे भन्ठानेका थियौं, तर प्रहरीको फोनपछि मात्र उनको हत्या भइसकेको थाहा भयो' भाइ रामले भने ।

शिवशंकरका परिवारले हत्यामा संलग्न दोषीलाई पहिचान गरी कारबाही गर्न माग गरेका छन्

सो घटनाबारे थप अनुसन्धान जारी रहेको महोत्तरी प्रहरीले जनाएको छ ।

व्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं

- नियमित स्वास्थ्य परिक्षण गराऔं,
- सन्तुलित, पोषणयुक्त आहार सेवन गरौं,
- नियमित शारीरिक परिश्रम गरौं,
- दैनिक रुपमा निद्रा पुग्नेगरी सुतौं,
- ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड